जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

जेष्ठ नागरिकलाई सम्मान गरौं,
जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभाव र क्षमताको उपयोग गरौं,
घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



लोकप्रिय राष्ट्रिय दैनिक

www.rajdhanidaily.com

ग्राहक प्रति

# राजधानी

वर्ष २२, अंक १६५ | मंगलबार १३ मंसिर २०७९, नेपाल संवत् ११४३ | RAJDHANI Nepali National Daily | Tuesday 29 November 2022 | पृष्ठ : ८ | मूल्य रु. ५/-





## एमसीसी ठेक्का आह्वान

पूजा चँदारा/राजधानी
काठमाडौं

मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए) नेपालले विद्युत् प्रसारण लाइन निर्माण ठेक्का आह्वान गरेको छ ।

अमेरिकी वैदेशिक सहायता एजेन्सी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)बाट प्राप्त अनुदान र नेपाल सरकारको संयुक्त लगानीमा प्रसारणलाइन निर्माण परियोजना तीन चरणमा अघि बढाउनेगरी ठेक्का आह्वान भएको हो ।

- पहिलो चरणमा ८ सय ५६ टावर निर्माण
- २ लाख १२ हजार रूख काट्नुपर्ने
- सरकारी-निजी गरी ८ सय रोपनी जग्गा आवश्यक

परियोजना थाल्न एमसीएले सोमबार लप्सीफेदी-रातमाटे-बुटवल प्रसारणलाइन निर्माणका लागि तीन चरणमा ठेक्का निकालेको छ । लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा पहिलो चरण (११७ किमि), दोस्रो चरण रातमाटे-न्यु दमौली (९० किमि) र तेस्रो चरणमा न्यु दमौली-न्यु बुटवल, न्यु बुटवलबाट भारतीय सीमासम्म (१०८ किमि) गरी कुल ३ सय १५ किलोमिटर छन् ।

इच्छुक कम्पनीले १३ चैत २०७९ (२७ मार्च)सम्म आवेदन दिन सक्नेछन् । ठेक्का पाउने कम्पनीले डिजाइन, सप्लाई, डेलिभरी, इन्स्टलेसन, टेस्टिङ, कमिसनिङ गर्नुपर्नेहुन्छ । आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन भने एमसीसी-नेपालले उपलब्ध गराउने भएको छ । एमसिए-नेपालका सूचना अधिकारी राजीव दाहालले प्रसारणलाइन निर्माण ठेक्का सम्झौता भएको पाँच वर्षमा पूरा गरिसक्नुपर्ने जानकारी दिए ।


बाँकी पृष्ठ २ मा


मधेसमा कसको सरकार ?

# नेतृत्वमा कांग्रेस वा एमाले

सुभाष साह/ राजधानी
काठमाडौं

मधेस प्रदेशमा 'कुन पार्टीको सरकार बन्ने ?' भन्ने चर्चा चुलीमा पुग्दै गर्दा सार्वजनिक मतपरिणामअनुसार 'कुनै एक दलको बहुमत नपुगेकाले यहाँ एमाले वा कांग्रेस'मध्ये एकको गठबन्धनमा सरकार बन्ने सम्भावना बढेको छ ।

कुनै दुई दल मिल्दासमेत मधेस प्रदेशमा सरकार बन्ने अवस्था देखिँदै छ । मधेस प्रदेशमा सरकार निर्माणका लागि डा. सिके राउत नेतृत्वको जनमत पार्टी, पूर्वमन्त्री एवं नवनिर्वाचित सांसद प्रभु साह र स्वतन्त्रलगायतको भूमिका निर्णायक हुने देखिन्छ ।

१ सय ७ सदस्यीय मधेस प्रदेशसभामा ६४ प्रत्यक्ष र ४३ समानुपातिक सिट छन् । सरकार बनाउन ५४ सिट आवश्यक पर्छ ।

प्रत्यक्षतर्फको सार्वजनिक मतपरिणामअनुसार नेपाल कम्युनिस्ट पार्टी (एमाले) १४, नेपाली कांग्रेसले १३, जनता समाजवादी पार्टी नेपाल (जसपा) ९, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) ७, जनमत पार्टी ६, स्वतन्त्र ६, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ४ र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)ले ४ सिटमा विजयी भएका छन् ।

मधेस प्रदेश प्रत्यक्षतर्फको ६४ मध्ये ६३ सिट मतपरिणाम सार्वजनिक भइसकेको छ । १ मात्रै बाँकी रहेको धनुषा ४ को २ मा एमाले हरिनारायण महतो ९ हजार ६ सय २२ मतसहित अगाडि छन् । एकीकृत समाजवादी स्थायी कमिटी सदस्य एवं मधेस प्रदेशका वनमन्त्री शत्रुधन महतो ७ हजार ५ सय ६९ मतसहित उनलाई पछ्याइरहेका छन् ।

संघीय निर्वाचनजस्तै मधेस प्रदेशमा एमाले र जसपाको एक गठबन्धन र अर्कोतर्फ सत्तारूढ पाँच दलीय गठबन्धन थियो । यद्यपि, केही ठाउँमा दुवै गठबन्धनभित्र समेत मित्रवत् प्रतिस्पर्धा भएको थियो । प्रत्यक्षतर्फ दुवै गठबन्धन बहुमत ल्याउन असफल भएका छन् ।

समानुपातिकतर्फ कांग्रेसले ३ लाख ४९ हजार ५ सय १८ मतसहित पहिलो, एमाले ३ लाख १२ हजार ३ सय २४ मतसहित दोस्रो र जसपा २ लाख ५३ हजार ८ सय ३८ मतसहित तेस्रो स्थानमा रहेको छ । जनमत पार्टी २ लाख ५१ हजार २ सय ४१ मतसहित चौथौ र माओवादी केन्द्र १ लाख ६० हजार ८ सय ११ पाँचौं स्थानमा छ ।

यसैगरी, क्रमशः एकीकृत समाजवादीले ९७ हजार ८ सय ३६, लोसपाले ९१ हजार ३ सय ८९, राप्रपाले ५९ हजार १ सय २०, नेपाल संघीय समाजवादी पार्टीले ४६ हजार ९ सय ४४ र नागरिक उन्मुक्ति पार्टी ४० हजार २ सय ५ मत ल्याएका छन् ।



### मुख्यमन्त्री गुमाउँदै मधेसवादी

२०७४ को निर्वाचनमा तत्कालीन समाजवादी र राजपा मिलेर निर्वाचन लडेका थिए । पछि, पार्टी एकता नै गरी जसपा भयो । गत निर्वाचनमा राम्रो परिणाम ल्याएको त्यहीँ जसपा विभाजन भएर दुई समूहमा विभाजित छ । जसपा नेतृत्व उपेन्द्र यादव र लोसपा महन्थ ठाकुरले नेतृत्व गरिरहेका छन् ।

मधेस प्रदेश मुख्यमन्त्री लालबाबु राउत पूरै कार्यकाल सत्तामा रहे । सुरुमा राजपाको सहयोगमा र पछि जसपा विभाजन भएपछि कांग्रेस, माओवादी, एकीकृत समाजवादीको सहयोगमा मुख्यमन्त्रीमा रहिरहे । पछिल्लो समय जसपा एमाले नेतृत्वको गठबन्धनमा सहभागीपछि प्रधानमन्त्री शेरबहादुर देउवाले जसपा र प्रदेशमा मुख्यमन्त्री राउतले कांग्रेसका मन्त्रीलाई हटाए ।

जसपाले सरकारको नेतृत्व गरे पनि अहिले नेतृत्व गर्न सक्ने अवस्था छैन । २०७४ को निर्वाचनबाट समाजवादी र राजपा क्रमशः ठूलो दल बनेको थियो । तर, अहिले कांग्रेस र एमालेले उनीहरूको स्थान लिएको छ ।

यदि सबैभन्दा ठूलो दलको नेतृत्वमा सरकार बनाउने अवस्था आए कांग्रेस वा एमालेले नै गर्ने मतपरिणामले देखाउँछ । कुनै एक वा दुई दल मिलेर सरकार बनाउन नसक्ने भएकाले मधेस प्रदेशमा पहिलोपटक प्रभावकारी 'इन्ट्री' गरिरहेको जनमत पार्टी र स्वतन्त्र समूहका सांसदको महत्त्वपूर्ण भूमिका हुने देखिन्छ ।

मुख्यमन्त्री राउतले जसपा विभाजन नहुँदासम्म तीन वर्ष सरकार चलाए । पछि, दुई वर्षसम्म केन्द्रीय राजनीतिको गठबन्धनमा भएको फेरबदलसँगै त्यसको प्रभाव उनको सरकारमा परेको देखिन्छ । यसबीच मुख्यमन्त्री राउतले ६ पटकसम्म सरकार पुनर्गठन गरे ।

| प्रत्यक्षतर्फ विजयी | |
|---|---|
| एमाले | १४ |
| कांग्रेसले | १३ |
| जसपा | ९ |
| लोसपा | ७ |
| जनमत पार्टी ६ | |
| स्वतन्त्र | ६ |
| माओवादी केन्द्र | ४ |
| एकीकृत समाजवादी | ४ |
| (धनुषा ४ को २ मा मतगणाना जारी) | |
| **समानुपातिकतर्फ** | |
| कांग्रेस | ३,४९,५१८ |
| एमाले | ३,१२,३२४ |
| जसपा | २,५३,८३८ |
| जनमत पार्टी | २,५१,२४१ |
| माओवादी केन्द्र | १,६०,८११ |
| एकीकृत समाजवादी | ९७,८३६ |
| लोसपा | ९१,३८९ |
| राप्रपा | ५९,१२० |
| नेपाल संघीय समाजवादी | ४६,९४४ |
| नागरिक उन्मुक्ति पार्टी | ४०,२०५ |

### 'अस्थिर सरकार रहनेछ'

राजनीतिक विश्लेषक देवेन्द्र मिश्र केन्द्रीयस्तरमा हुने गठबन्धनको प्रभाव निश्चय नै प्रदेशमा समेत पर्ने बताउँछन् । 'विगतमा केन्द्रमा भएको शक्ति हेरफेरको प्रभाव प्रदेशमा परेजस्तै आगामी दिनसमेत रहिरहनेछ,' उनी भन्छन्, 'त्यसैले यहाँ कुनै एक दलको बहुमत नभएकाले अस्थिर सरकार रहनेछ ।'

# बालुवाटारमा 'पावर सेयरिङ'बारे सत्ता गठबन्धन बैठक तीव्र

प्रधानमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखमा भागबन्डा मिलाउन कसरत

राजधानी समाचारदाता
काठमाडौं

आमनिर्वाचन परिणाम आउँदै गर्दा राजनीतिक दौडधुप झनै तीव्र हुन थालेको छ । सत्ता गठबन्धनभित्र प्रधानमन्त्रीदेखि राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख चयन प्रक्रियासमेत अघि बढाउने तयारी भएको छ ।

नयाँ जनादेशअनुसार पहिले नयाँ सरकार गठन गर्नुपर्ने भएपछि गठबन्धन आबद्धलगायत दल 'सत्ता जोडघटाउ'मा लागिसकेका छन् । जोडघटाउमा नयाँ प्रधानमन्त्रीदेखि राष्ट्रपति चयनसम्मका विषय जोडिएका छन् । परिणामअनुसार संसद्मा कुनै पनि दलको 'एकल बहुमत' नपुग्ने पक्का भएपछि बहुमतीय आधारमा सरकार गठन प्रक्रिया अघि बढ्नेछ ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सोमबार प्रधानमन्त्री तथा नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपालसँग नयाँ राजनीतिक कोर्सबारे छलफल गरेका छन् । त्यसक्रममा सरकार गठनदेखि राष्ट्रपति चयनसम्मको विषयमा छलफल भएको हो ।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द परियारका अनुसार देउवाले दुवै दलका अध्यक्षसँग नयाँ राजनीतिक कोर्स र गठबन्धनको निरन्तरताबारे छलफल गरेका छन् ।

'नयाँ राजनीतिक कोर्स, गठबन्धनलाई इन्ट्याकमै राखेर सरकार गठन र पावर सेयरिङबाटै अघि बढ्ने विषयमा छलफल भयो,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार परियारले राजधानीसँग भने । प्रधानमन्त्री देउवाले माओवादी केन्द्र अध्यक्ष प्रचण्ड र नेकपा एकीकृत समाजवादी अध्यक्ष नेपालसँग छुट्टाछुट्टै भेट गरेका हुन् ।

सो क्रममा प्रधानमन्त्री, प्रतिनिधिसभा सभामुख, उपसभामुख, राष्ट्रपति, उपराष्ट्रपतिलगायतमा 'पावर सेयरिङ' विषयमा छलफल भएको हो । यस विषयमा छलफल गर्न छिट्टै गठबन्धन बैठक बस्ने र छलफल गरेर टुंगो लगाउने तीन नेताबीच सहमति बनेको छ ।

निर्वाचनपछि नेता नेपालसँग भने देउवाले पहिलोपटक सोमबार भेटेका हुन् । प्रचण्डसँग भने देउवाले आइतबार मात्रै भेटेका थिए । सोमबार नै प्रचण्ड र नेपालबीच पनि छलफल भएको छ ।




# सुकुमबासी बस्ती हटाउने क्रममा झडप

## महानगर प्रहरी प्रमुखसहित १४ घाइते

मधुजंग पाण्डे/राजधानी
काठमाडौं

धापाथलीस्थित बाग्मती किनारको सुकुमबासी बस्ती हटाउने क्रममा भएको झडपमा महानगर प्रहरी प्रमुखसहित १४ जना घाइते भएका छन् ।

घरेलु हतियारसहित भएको प्रतिकार क्रममा महानगर प्रहरी बल प्रमुख नगरउपरीक्षक राजु पाण्डेसहित १४ जना घाइते भएका हुन् ।

अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति र महानगर टोली सोमबार बस्तीमा एक्स्काभेटर लिएर घरटहरा भत्काउन पुगेपछि झडपको अवस्था आएको हो ।

धापाथलीस्थित बाग्मती नदी किनार सुकुमबासी बस्तीवासीले झडप क्रममा ढुंगामुढा प्रहार गर्दा आफूहरू घाइते भएको काठमाडौं महानगर प्रमुख बालेन्द्र शाहका स्वकीय सचिव भूपदेव शाहले जानकारी दिए । उनका अनुसार घाइते १९ जनाको नर्भिक अस्पतालमा उपचार भइरहेको छ ।

काठमाडौं धापाथलीस्थित बाग्मती किनार रहेको सुकुमबासी बस्ती हटाउन पुगेको महानगर टोलीमाथि घरेलु हतियारसहित प्रतिकार भएको थियो । घरेलु हतियारसहित प्रदर्शनमा उत्रिएका सुकुमबासीबस्तीवासीले गृहमन्त्री बालकृष्ण खाँणविरुद्ध चर्को नाराबाजीसमेत गरेका छन् ।

यसअघि, 'वैकल्पिक व्यवस्थाबिनै हटाउन थालेको' भन्दै उनीहरूले महानगर टोलीमाथि ढुंगामुढा गरेका थिए । एकीकृत बाग्मती सभ्यता विकास समितिले गत ४ मंसिर चुनावको दिनसम्म अन्तिम म्याद राखेर बस्ती खाली गर्न सूचना जारी गरेको थियो ।

समितिले सूचना जारी गर्दै नदी किनारा अनधिकृत रूपमा निर्माण भएका घरटहरा तथा निर्माण सामग्री तथा सवारीसाधन हटाउन ४ मंसिरसम्मको समयसीमा दिएको थियो ।

तर, बाग्मती किनारा टहरा बनाएर बसिरहेकाहरू सूचना बेवास्ता गर्दै नहटेपछि महानगर टोली मैदान उत्रेको हो ।

धापाथलीस्थित सुकुमबासी बस्तीमा महानगर र नेपाल प्रहरीको टोली पुगेपछि प्रदर्शनकारीले भिर्टीगुन्टा पोको पार्न थालेका थिए ।



C M Y K

# पर्सामा महिला विजेता 'शून्य'

**तुलसी भण्डारी/राजधानी**
वीरगन्ज

काठमाडौंमा स्वतन्त्रबाट उठेका कान्छा महिला उम्मेदवारको मत परिणमले देशका ठूला पार्टीसमेत थरथरी पारेको योपटकको निर्वाचनमा पर्सामा भने महिला उम्मेदार सबै पराजित भएका छन् । उनीको पराजित परिणामले जिल्लामा महिला विजेताको संख्यामा योपटक शून्यता छाएको छ ।

कुल १ सय ६१ उम्मेदवार रहेको पर्सामा तीन जना मात्र महिला उम्मेदवार थिए । त्यसमा पनि हेभिवेटका दुई महिलाको जमानत जफत नै भयो । फलतः पर्सामा काठमाडौं जस्तो महिला विजेताको अवस्था सन्तोषजनक नभएको हो ।

महिलाको संख्या ३३ प्रतिशत पुऱ्याउनुपर्छ भन्ने संविधानतः तथ्यमा गठबन्धनको कु-चक्रले राजनीतिक दलले उम्मेदवार उठाउने समयमा नै यतिकै महिलामाथि बक्रदृष्टि राखेका थिए । त्यहि हुँदा पर्सामा सत्ता गठबन्धन र एमाले जसपा गठबन्धनको भागीमा केवल एक-एक महिला उम्मेदवार मात्र परेका थिए । त्यो पनि प्रतिनिधिसभातर्फ नभई प्रदेशसभातर्फ पर्साको क्षेत्र नम्बर ४ को २ र ३ को पनि २ मा मात्र । यो संख्याले जिल्लालाई महिला उम्मेदवारको संख्या शून्य हुनबाट जोगाएको थियो ।

जिल्लाका हेभिवेटमध्येकी चर्चित महिला नेत्री पूर्वराज्यमन्त्री करिमा बेगम आफैं स्वतन्त्रबाट उठेपछि पर्सामा महिला उम्मेदवारको संख्या कुल ३ सुनिश्चित भएको थियो । तर, निर्वाचित हुने संख्यामा भने एक जना महिला उम्मेदवारले पनि विजयको माला लगाउन सकेनन् । विजयी हुने कुरा पर्साका महिला उम्मेदवारका लागि फलामे ढोका पार गर्न सहर नै बन्यो । स्वतन्त्र उम्मेदवारी दिएकी पूर्व राज्य मन्त्री बेगम पर्साका कुल उम्मेदवारमध्ये हेभिवेट नेतामा पर्थिन् ।

त्यसैगरी, महिला आयोगकी पूर्वअध्यक्ष चाँद तारादेवी (शेख चाँद तारा) पनि समग्रमा हेभिवेटकै दाँजोमा थिइन् । उनीहरूले जमानत पनि कटाउन नसकेपछि काठमाडौंको परिणाम जस्तो पर्सामा हुन नसकेको हो ।

बरु एकैपटक राजनीतिमा होमिएकी एमाले जसपाकी साझा उम्मेदवार पर्साको क्षेत्र नम्बर ३ को २ की जसपा उम्मेदवार डा मधु गुप्ताले निकटतम प्रतिद्वन्द्वीको शाख राखिन् । उनले कुल ७ हजार ५ सय ७ मत प्राप्त गरी पराजित भए पनि सानदार साख राखेकी छन् ।

गुप्तालाई उछिन्ने सत्ता गठबन्धन कांग्रेसका उम्मेदवार जनार्दन सिंह क्षेत्रीले सो क्षेत्रबाट १० हजार १ सय ९५ मत ल्याई विजयी भए ।

यता पहिले जिल्लामा चर्चित रहेका महिला नेत्रीमध्येका बेगम र चाँदताराले भने क्रमशः १ हजार ५ सय एक र १ हजार ७ सय ७३ मत मात्र ल्याए । एउटै क्षेत्रमा सँगै लडेका प्रतिस्पर्धीका तुलनामा बेगम पाँचौं नम्बर र चाँदतारा तेस्रो नम्बरमा सीमित भएका छन् ।

अब पर्साबाट सभासद महिलाको अनुहार हेर्न समानुपातिकतर्फको मुख ताक्नुबाहेक अर्को विकल्प नभएको स्थानीय बुद्धिजीवीले तर्क गरे ।

## हकदाबी सम्बन्धमा

यस संस्थामा रहेको बचतकर्ताहरु ल.पु.जि. महालक्ष्मी ६, सिद्धिपुर बस्ने गोपाल महर्जनको छोरा श्री जुजुमान महर्जन र गोपाल महर्जनको बुहारी जुजुमान महर्जनको श्रीमती श्री चन्द्रमाया महर्जनको खातामा हकवालाको हकमा एक अर्काको खातामा आफै रहेको हुँदा उहाँहरुको दुवैको असामयिक मृत्यु भएको हुँदा उक्त खातामा रहेको रकमको हकदाबीको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।

**विकास बचत तथा ऋण सहकारी संस्था लि.**
महालक्ष्मी न.पा.-६, सिद्धिपुर, ललितपुर,
फोन नं. : ०१-५७०९७६६

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (भारत) बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| सि. नं. | मालवस्तुको विवरण | आकार/ प्रकार | अधिकतम खुद्रा बिक्री मूल्य MRP |
|---|---|---|---|
| 1 | Setmax Normal TV | 32" | 12,000/- |
| 2 | Setmax Smart TV | 32" | 15,000/- |
| 3 | Setmax Smart TV | 40" | 20,000/- |
| 4 | Setmax Smart TV | 43" | 25,000/- |
| 5 | Setmax Smart TV | 55" | 55,000/- |
| 6 | Setmax Smart TV | 65" | 75,000/- |
| 7 | Setmax Smart TV | 75" | 125,000/- |

खरिद सम्बन्धी थप जानकारीका लागि :
**रुद्र इलेक्ट्रोनिक्स एण्ड पार्टस्** पान नं.: ६१२६८३०८२
बाफल-१३, काठमाडौं, नेपाल, फोन : ९८०२०६००५५

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं १४ थसिखेल निवासी बिनोद प्रसाद दाहालको छोरी, सेस्नरमण बढालको श्रीमती भवानी बढालको नामबाट यस साग्रिला डेभलपमेन्ट बैंक लि.को शाखा कार्यालय नखिपोटमा खाता खोली कारोवार गर्दै आउनु भएकोमा उक्त खाताका संचालक भवानी बढालको मिति २०७८-१०-२१ मा निधन भएको र उक्त खाता खोल्दाको बखत निजले इच्छाइएको व्यक्ति कोही पनि नराख्नु भएकोले हाल निजको छोरा रामहरी बडालबाट यस बैंक समक्ष मृत्यु दर्ताको प्रमाणपत्र तथा आवश्यक कागजात सहित उक्त खातामा रहेको रकम पाउँ भनी निवेदन दिनु भएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) **दिन भित्र** स-प्रमाण दावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** : बालुवाटार, काठमाण्डौं, फोन : ०१-४४२१८६१/६२/६३
www.shangrilabank.com

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं १४ साम्पाङ्ग चोक निवासी हरि प्रसाद बुढाथोकीको नातिनी, गिरी प्रसाद बुढाथोकीको छोरी लीला थापाको नामबाट यस सांग्रिला डेभलपमेन्ट बैंक लि.को शाखा कार्यालय नखिपोटमा खाता खोली कारोवार गर्दै आउनु भएकोमा उक्त खाताका संचालक लीला थापाको मिति २०७८-११-२३ मा निधन भएको र उक्त खाता खोल्दाको बखत निजले इच्छाइएको व्यक्ति कोहीपनि नराख्नु भएकोले हाल निजको छोरा सुनील थापाबाट यस बैंक समक्ष मृत्यु दर्ताको प्रमाणपत्र तथा आवश्यक कागजात सहित उक्त खातामा रहेको रकम पाउँ भनी निवेदन दिनु भएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) **दिन** भित्र स-प्रमाण दावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** : बालुवाटार, काठमाण्डौं, फोन : ०१-४४२१८६१/६२/६३
www.shangrilabank.com

# एमसीसी...

उनका अनुसार सन् २०२३ को अगस्ट (२०८० भदौ)बाट निर्माण सुरु गरी परियोजनाका सबै काम २०२८ अगस्ट (२०८५ भदौ)भित्र सम्पन्न गर्नुपर्नेछ ।

यदि समयमै परियोजना सम्पन्न हुन नसके र म्याद नाघे एमसीसीले रकम फिर्ता लिनेछ । त्यसपछि नेपाल सरकारले आफ्नो लगानीबाट परियोजना सम्पन्न गर्नुपर्ने हुन्छ । यसकारण पनि आयोजना समयमै सम्पन्न हुनुपर्ने दाहालको जोड छ । अन्तर्राष्ट्रिय रूपमा आह्वान गरिएको ठेक्काको अनुमानित लागत ३० अर्ब र 'बिड' लागत २० अर्ब राखिएको एमसीए सूचना अधिकारी दाहाल बताउँछन् । ठूलो परियोजना भएकाले बढीमा तीन कम्पनी र घटीमा दुई कम्पनीसँग ठेक्का सम्झौता गरिनेछ ।

एमसीए-नेपाल नेपाल सरकार तथा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को संयुक्त लगानीमा सञ्चालन गर्न गठित सरकारी निकाय हो ।

सो निकाय ६३ करोड अमेरिकी डलरको पूर्वाधार आयोजना व्यवस्थापनका लागि विकास समिति ऐन-२०१३ अनुसार अर्थ मन्त्रालयअन्तर्गत गठन गरिएको थियो ।

योजनामा अमेरिकी सरकारको एमसीसी कम्प्याक्ट कोषको ५० करोड अमेरिकी डलर अनुदान र नेपाल सरकारको १३ करोड अमेरिकी डलर लगानी छ । यसअन्तर्गत राष्ट्रिय गौरवको विद्युत् प्रसारण र सडक मर्मत गरी दुई आयोजना छन् ।

लामो प्रयासपछि नेपाल तथा एमसीसीबीच २९ भदौ २०७४ मा नेपाल 'कम्प्याक्ट सम्झौता'मा संयुक्त राज्य अमेरिकाको वासिंटन डीसीस्थित अमेरिकी विदेश मन्त्रालयमा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की तथा एमसीसीका कामु प्रमुख कार्यकारी अधिकृत जोनाथन नाशले हस्ताक्षर गरेका थिए ।

एमसीसी कम्प्याक्टले बिजुली उपलब्धता, गुणस्तर वृद्धि तथा यातायात लागतमा न्यूनीकरणमार्फत लगानी आकर्षित गर्ने, आर्थिक वृद्धिलाई तीव्रता दिने तथा गरिबी न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ ।

२२८ मिलियन डलर (२९ अर्ब ६४ करोड) प्रसारणलाइन र १ सय १४ मिलियन डलर (१४ अर्ब ८२ करोड) सबस्टेसनका लागि खर्च हुने एमसीए-नेपालले जनाएको छ । पहिलो चरणमा प्रसारणलाइनका लागि ठेक्का निकालिएको हो । प्रस्तावित आयोजनामा कुल ८ सय ५६ टावर निर्माण हुनेछन् । यस क्रममा २ लाख १२ हजार रूख काट्नुपर्नेहुन्छ । सरकारी र निजी गरी ८ सय रोपनी जग्गा चाहिने अनुमान छ । अहिले रूख कटानको स्वीकृति र अधिग्रहण प्रक्रिया अघि बढेको छ ।

काठमाडौं-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ-मकवानपुर-चितवन-तनहुँ-पाल्पा-नवलपुर-परासी हुँदै जाने यो लाइनमा ३ हजार मेगावाटसम्म विद्युत् प्रवाह गर्न सकिने जनाइएको छ । निर्माण कम्पनीले डिजाइनसहित साढे तीन वर्षको अवधि पाउनेछ । बीचमा कुनै समस्या आए समाधानका लागि थप समय छुट्याइएको एमसीए-नेपालले जनाएको छ ।

हाल आयोजनामा बोटेक जेर्भीले परामर्शदाताका रूपमा काम गरिरहेको छ । प्रसारणलाइनको विस्तृत सम्भाव्यता अध्ययन, एलाइन्टमेन्ट सर्भे, विवाद आएका ठाउँमा वार्ता गरेर रि-सर्भेलगायत काम एमसीएले गरिरहेको छ । अमेरिकी वैदेशिक सहायता एजेन्सी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता अनुमोदन गत फागुनमा भएको थियो ।

## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०७९/०८/१३ गते

यस माछापुच्छ्रे बैंक लि. परासी शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटर तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिएको छ ।

तपसिल

| ऋणीको नाम, ठेगाना | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, परासी, नवलपरासीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **आदिशक्ति बालुवा प्रशोधन उद्योग ।**<br>प्रा.फ.र.नं. ३६१/८१७५, दर्ता मिति : २०७४/०८/१४<br>पान नं. ६०७६८५३५०, दर्ता मिति : २०७४/१२/१९<br>ठेगाना : नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ५<br>**प्रोप्राईटर : दुर्गा बहादुर गुरुङ्ग** | धनी माछापुच्छ्रे बैंक लिमिटेड र ऋणी आदिशक्ति बालुवा प्रशोधन उद्योगको नाममा दर्ता कायम रहेको निम्न बमोजिमको सवारी साधन :<br>कम्पनीको नाम : TATA Motors, सवारी मोडेल : MCV Tipper<br>दर्ता नं. Lu 2 Kha 3751, इन्जिन नं. 81L63749725<br>च्यासिस नं. MAT388116J2R27831 |

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. दुर्गा बहादुर गुरुङ्ग** <br>ना.प्र.नं. १६०२८, जि.प्र.का. नवलपरासी<br>जारी मिति : २०५०/१०/१०<br>बाबु : पस बहादुर गुरुङ्ग, बाजे : कामी गुरुङ्ग<br>ठेगाना : नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ५<br>हाल : नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३ | **२. शान्ती माया गुरुङ्ग** <br>ना.प्र.नं. ६१९१५, जि.प्र.का. नवलपरासी<br>जारी मिति : २०५८/१०/१०<br>पति : दुर्गा बहादुर गुरुङ्ग, ससुरा : पस बहादुर गुरुङ्ग<br>ठेगाना : नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ५<br>हाल : नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. १३ |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, परासी

Karnali Province Government
Ministry of Physical Infrastructure & Urban Development
Infrastructure Development Directorate

## Infrastructure Development Office (IDO)

Manma, Kalikot

## Invitation for Bids

(IFB No: 01-079/80)

*Date of First Publication: 29th Nov 2022 (2079/08/13)*

1. Infrastructure Development Office (IDO), Kalikot invites Electronic bids from the eligible bidders for the followings works.

| S.N. | Contract ID | Name of Project | Estimated Amount without VAT & Cont. (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bid validity/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | IDO/KKT/W/ NCB/01/079/080 | #Package-01 Road Projects Kalikot<br>1. Chheka to Lasi Road Construction, Khadachakra-4<br>2. Tesro Bazar to Tipa Road, Khadachakra-5 | 85,46,507.48 | 2,20,000 | 3,000 | 90 Days/120 Days From Bid Opening Date |
| 2 | IDO/KKT/W/ NCB/02/079/080 | Sarka to Tolibhit Road Construction, Pachal Jharana RM, Kalikot | 42,73,435.88 | 1,10,000 | 3,000 | |
| 3 | IDO/KKT/W/ NCB/03/079/080 | Sarkhola To Gauda Road, Pachaljharana -9 Kalikot | 34,18,675.64 | 80,000 | 3,000 | |
| 4 | IDO/KKT/W/ NCB/04/079/080 | Naraharinath Gaupalika Jodne Sadak, Naraharinath RM Kalikot | 85,46,580.09 | 2,20,000 | 3,000 | |
| 5 | IDO/KKT/W/ NCB/05/079/080 | Krishna Khara to Bagra Road, Pachaljharana 4, Kalikot | 34,15,001.90 | 80,000 | 3,000 | |
| 6 | IDO/KKT/W/ NCB/06/079/080 | Jumlibada Dekhi Gothi Road, Pachaljharana 8, Kalikot | 34,17,227.50 | 80,000 | 3,000 | |

**Bank Details to deposit the fee for Bidding document and Bid security**

| Name of Office | Revenue Account Number | Rajaswo Shirshak (revenue) Number | Security Account Number | Office Code Number |
|---|---|---|---|---|
| Name of Office: **Infrastructure Development Office, Kalikot**<br>Name of the Bank: **Rastriya Banijya Bank** | **1000200010000** | **14229** | **4120100202030000 Pradhesh Lekha Ikai, Kalikot** | **3370165016** |

Last Date of Bid Submission : **29th Dec 2022 (2079/09/14) Time: 12:00 hrs**
Electronic bids opening Date : **29th Dec 2022 (2079/09/14) Time: 13:00 hrs**

2. Eligible Bidders may obtain further information at the office of Infrastructure Development Office, Kalikot. Telephone No:-087-440155 Or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**

**Office Chief**

## EMPLOYMENT OPPORTUNITY IN ZERO COST RECRUITMENT IN MALAYSIA

## शून्य लागत भर्ती अन्तर्गत मलेसियामा रोजगारीको अवसर

**"Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposit, No Salary Deductions, No Mediator! After selection Free Food | Transportation | Accommodation from Hometown to Airport!"**
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित, छनौट पश्चात घरदेखि एयरपोर्टसम्म नि:शुल्क खाना । यातायात । आवास

**NAME OF EMPLOYER : DINDINGS POULTRY DEVELOPMENT CENTRE SDN. BHD.**
**रोजगारदाता : डिन्डिङ्गस पोल्ट्री डेभलपमेन्ट सेनटर एसडिएन बीएचडी**

| पूर्व स्वीकृति मिति : २०७९/०८/१२ Pre Approval Date: 2022/11/28 | चलानी नं.: ६०१९२२६३ Reference No. 60192263 | LOT No. 276618 | शहर: kuala Lumpur |
|---|---|---|---|

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hatchery ह्यापेरी | 38 ३८ | 0 ० | basic understanding of English in reading, speaking and writing" अंग्रेजिमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने । | 1500 १५०० | 42997 ४२९९७ | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

**NAME OF EMPLOYER : DINDINGS POULTRY DEVELOPMENT CENTRE SDN. BHD.**
**रोजगारदाता : डिन्डिङ्गस पोल्ट्री डेभलपमेन्ट सेनटर एसडिएन बीएचडी**

| पूर्व स्वीकृति मिति : २०७९/०८/१२ Pre Approval Date: 2022/11/28 | चलानी नं.: ६०१९२२६६ Reference No. 60192266 | LOT No. 276617 | शहर: kuala Lumpur |
|---|---|---|---|

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | FARMING फार्मिङ्ग | 80 ८० | 0 ० | basic understanding of English in reading, speaking and writing" अंग्रेजिमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने । | 1500 १५०० | 42997 ४२९९७ | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

**DINDINGS POULTRY DEVELOPMENT CENTRE SDN. BHD. DOESN'T IMPOSE ANY RECRUITMENT/PLACEMENT FEE FOR THIS EMPLOYMENT.** डिन्डिङ्गस पोल्ट्री डेभलपमेन्ट सेनटर एसडिएन बीएचडीले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा बिमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer<br>Age 18 to 35 : NPR 3708/-<br>Age 36 to 50 : NPR 4931/-<br>Age 51 to 64 : NPR 9463/-<br>रोजगारदाताले व्यहोर्ने<br>उमेर १८ देखि ३५ : ने.रू. ३७०८/-<br>उमेर ३६ देखि ५० : ने.रू. ४९३१/-<br>उमेर ५१ देखि ५६ : ने.रू. ९४६३/- | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Empoloyer ने.रू.७००/- रोजगारदाताले व्यहोर्ने | NPR 1500/- By the Empoloyer ने.रू.१५००/- रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

- Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment. आवेदकहरुलाई कुनै मध्यस्थकर्ता प्रयोग नगरी सीधा आवेदन दिन आमन्त्रित गरिएको छ। आवेदक वा तिनीहरुको परिवार सदस्यहरुले यस भर्तीको लागि कुनै पनि प्रकारको शुल्क तिर्न आवश्यक छैन।
- We request the applicants to read and understand job related informative materials such as Flex, Banner, leaflet etc placed at our office premises. हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका फ्लेक्स, ब्यानर, पर्चा आदि जस्ता काम सम्बन्धी जानकारी मूलक सामग्रीहरु पूर्ण रुपमा अध्ययन गर्न र बुझ्न अनुरोध गर्दछौं ।
- We request you not to give or promise to give any valuable item (gift, gold, jewelry, livestock, phone etc.) in exchange for service fee to our office or anyone else for this employment. यस रोजगारीको लागी हाम्रो कार्यालय वा अन्य कसैलाई सेवा शुल्कको स ाा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं ।
- No bonds, monetory deposits or savings programme are allowed or accepted for this recruitment. यस भर्तीको लागि कुनै धितो, मौद्रिक निक्षेप वा बचत कार्यक्रमहरुलाई अनुमति वा स्वीकृत गरिने छैन।
- The River Overseas Pvt.Ltd. does not use any Agent/Sub–Agent/ Third Parties Involvement/Intermediaries in the sourcing and Recruitment Process. दि रिभर ओभरसीज प्रा.लि.ले अन्तरवार्ता र भर्ता प्रक्रियामा कुनै पनि एजेन्ट र सब-एजेन्टर तेस्रो पक्ष संलग्नता र मध्यस्थहरु प्रयोग गर्दैन।
- The River Overseas Pvt.Ltd. is committed to comply with the principles and standards of "ZERO COST RECRUITMENT POLICY" and "Ethical Recruitment Practices" providing equal opportunities to the applicants based on the merit and with respect, also dealing with the applicants fairly and transparently. दि रिभर ओभरसीज प्रा.लि. "शून्य लागत भर्ती निति" र "नैतिक भर्ती प्रक्रियाको" सिद्धान्त र मापदण्डहरु पालना गरी आवेदकहरुलाई अनिहरुको योग्यताको आधारमा सम्मानपूर्वक समान अवसरहरु प्रदान गर्नको लागि साथै आवेदकहरु सँग निष्पक्ष र पारदर्शी व्यवहारको लागि प्रतिबद्ध छ ।
- If you feel that someone is trying to influence you, or if you have any complaints, without fear of recrimination, reprisal or dismissal please feel free to e-mail at river.helpline@gmail.com or contact us directly at mentioned number + 977 9801247245. We ensure your confidentiality. यदि कोही कसैले प्रभावमा पार्न खोजेको महसुस भएमा अथवा कुनै गुनासो भएमा, कृपया स्वतन्त्र रुपमा दोषारोपण, प्रतिशोध वा खारेजको डर बिना सिधै यस कार्यालयको इमेल river.helpline@gmail.com वा उल्लेखित फोन नं. ९७७ ९८०१२४७२४५ मा सम्पर्क हुन हार्दिक अनुरोध गर्दछौं । हामी तपाईको गोपनीयता सुनिश्चित गर्दछौं। ।

**Pre Interview is going on**

**Final Interview will be held on** / फाईनल अन्तर्वार्ता
- **10th Dec. 2022 at Nepalirika Hotel, Biratchowk, Morang.** २४/०८/२०७९ गते नेपालिरीका होटल, विराटचोक, मोरङ्गमा हुनेछ ।
- **11th & 12th Dec. 2022 at Head Office.** २५ र २६/०८/२०७९ गते प्रधान कार्यालय परिसरमा हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment)** :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफू कठिनाई मापर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Govt. Lic. No. 406/060/61
ISO 9001 : 2015 Certified

**The River Overseas Pvt. Ltd.**
Battisputali, Gaushala, Kathmandu, Nepal, Tel : +977-1-4562431, 4562432, 9801247235, 9801247274, 9801247215, 9801247210, Fax : +977-1-4562430, Email : admin@theriveroverseas.com, Web: www.theriveroverseas.com

# '३५ दिनभित्र खर्च विवरण बुझाउनू'

राजधानी समाचारदाता
काठमाडौं

निर्वाचन आयोगले ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा भएको खर्चको विवरण बुझाउन राजनीतिक दल तथा उम्मेदवारलाई निर्देशन दिएको छ।

आयोगले निर्वाचनमा सहभागी राजनीतिक दल र उम्मेदवारलाई परिणाम घोषणा भएको ३५ दिनभित्र तोकिएको ढाँचामा निर्वाचन खर्चको विवरण पेस गर्न निर्देशन दिएको हो।

आयोगले तोकिएको ढाँचामा पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ मनोनयनपत्र पेस गरेका उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा ७२ को उपदफा (४) अनुसार सम्बन्धित प्रदेश र जिल्ला निर्वाचन कार्यालयमा प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची (४) बमोजिमको ढाँचामा निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने भनेको छ।

विवरण पेस गर्दा तोकिएको हद (सीमा) बमोजिमको रकम मतदाता नामावली खरिद, सवारीसाधन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी अन्तर्क्रिया, अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जालसमेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालनलगायतका विषय शीर्षक उल्लेख गरी बुझाउनुपर्ने आयोगले बताएको छ। विवरण पेस गर्दा उम्मेदवारले निर्वाचनमा खर्च गर्दा प्रयोग गरेको बैंक खाताको विवरण र खर्च गर्ने जिम्मेवार पदाधिकारीको नामसमेत उल्लेख गरी पेस गर्न दल तथा उम्मेदवारलाई भनेको हो।

यसैगरी, निर्वाचन प्रचारप्रसारका लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा आफ्नो प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको मितिले १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्न पनि आयोगले भनेको छ।

यसैगरी, समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूची पेस गरेका राजनीतिक दलले निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र प्रतिनिधिसभा सदस्यका लागि प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को अनुसूची ३४ र प्रदेशसभा सदस्यका लागि प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को अनुसूची ३६ बमोजिमको ढाँचामा आयोगमा पेस गर्नपर्ने आयोगले जनाएको छ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस हिम इलेक्ट्रोनिक्स प्रा.लि. ले विभिन्न देशहरुबाट पैठारी देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| Descriptions of Goods | Brand | Model | Capacity | Country of Origin | Unit | Per unit Price | MRP |
|---|---|---|---|---|---|---|---|
| WA70N4560SS/IM | Samsung | Washing Machine | 7 KG | India | Pcs | 55,990 | 55,990 |
| LH13QBREBGCXXL | Samsung | LFD Monitor | 13" | Vietnam | Pcs | 79,999 | 79,999 |
| HT-43FEOSDF/VI | Himstar | LED TV | 43" Smart | India | Pcs | 52,990 | 52,990 |
| HT-654KEODH/VI | Himstar | LED TV | 65" Smart | India | Pcs | 116,990 | 116,990 |

बिक्रेता फर्मको नाम: हिम इलेक्ट्रोनिक्स प्रा. लि. | ठेगाना: नारायणचौर, नक्साल, काठमाडौं, नेपाल | फोन नं. ०१-५९०९९९९ | स्थायी लेखा नं. ३०००४४६२७


Government of Bagmati Province
Ministry of Agriculture and Livestock Development
Directoriate of Livestock and Fishery Development

## Fisheries Development Centre

Bhandara, Chitwan

## Invitation for Bid

**First Date of publication: 29th November, 2022**

1. Fisheries Development Centre, Bhandara, Chitwan invites electronic bids from Nepalese eligible bidders for the construction of R-7 and R-8 Pokhari ko Dil Cemented Game Karya under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 7745745.41 (Exclusive of VAT and Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Fisheries Development Centre, Bhandara, Chitwan or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit the cost of NRs. 3000 for the cost of bidding document in Fisheries Development Centre's Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of bank deposit voucher shall be uploaded by bidder at the time of electronic submission of bid.
   **Details for deposit are:**
   Name of Bank: Rastriya Banijya Bank, Bharatpur
   Name of Office: Fisheries Development Centre, Bhandara, Chitwan
   Office Code: 3120231013
   Office Account No (for Bid Purchase):1000200010000
   Rajaswa (Revenue) Shirsak No: 14229
   Dharauti Account No: 1310100202030000
4. Electronic Bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp **on or before 12:00 Hours on 29th December, 2022.** Bid received after this deadline will be rejected.
5. The bid will be opened in the presence of bidder's representatives who choose to attend at **29th December 2022, 13:00 Hours** at the Office of Fisheries Development Centre, Bhandara, Chitwan. Bid must be valid for period of 90 days after bid opening and must be accompanied by bid security or scanned copy of bid security in pdf format amounting to a minimum as specified in table which shall be valid for 30 days beyond the validity period of bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Details of Contract:**

| S. N | Contract No | Description of Work | Estimated Amount (Exclusive of VAT and Contingencies) (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1. | FDC/NCB /01/079/80 | R-7 and R-8 Pokhari ko Dil Cemented Game Karya | 77,45,745.41 | 2,25,000.00 |

**Centre Chief**

नेपाल सरकार
गृह मन्त्रलय

## कारागार व्यस्थापन विभाग

कारागार कार्यालय भद्रपुर, झापा

## बोलपत्र आह्वान सम्बन्धी को सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९।०८।१३**

**कारागार कार्यालयको आ.व.०७९/०८० मा स्वीकृत कार्यक्रम बमोजिम उल्लेखित कार्यहरु बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकाले इजाजत प्राप्त निमार्ण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रीतपुर्वकको बोलपत्र पेस गर्न आव्हान गरिएको छ।**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औ दिनसम्म कार्यालय समय भित्र नवीकरण गरेको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, आ.ब. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु संलग्न गरी बोलपत्र खरिद बापतको रकम रु.३०००। पछि फिर्ता नहुने गरी तपशिल बमोजिम दाखिला गरी बोलपत्र खरिद गर्न सकिनेछ।
**तपशिल:**
- राजस्व जम्मा गर्ने कार्यालय कोड-३१४०२१२०१
- राजस्व शिर्षक नं.-१४२२९
- राष्ट्रिय बाणिज्य बैङ्क खाता नं.-१०००१००२०००१००००।

२. बोलपत्र फारामको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी अधिकार प्राप्त व्यक्तिले सही छाप गरी सूचना प्रकाशित भएको मितिले ३१औ दिनको १२:०० बजेसम्म कारागार कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण,बोलपत्र दाताको नाम, ठेगाना र फोन नं. स्पष्ट खुलाई दर्ता गराउनुपर्नेछ। म्यादभित्र दर्ता भएका बोलपत्रहरु ३१ औ दिनको २:०० बजे यस कार्यालयको हाताभित्र खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
३. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगतै भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
४ .बोलपत्र फाराम साथ जमानत बापतको रकम श्री राष्ट्रिय बाणिज्य बैङ्कको धरौटी खाता नं. २२१०१००१०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंङ्कबाट जारी भएको बोलपत्र जमानतको सक्कल प्रति पेस गर्नुपर्नेछ। यस्तो जमानत बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिनको म्याद अवधि भएको हुनुपर्नेछ।
५. कुनै सर्त राखी पेस गरेको सूचनाको सर्त विपरीत भएको, उपलब्ध गराइएको बोलपत्र फाराममा थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेस हुन आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन।
६. नक्कली कागजात पेस गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्र दाताको बोलपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।
७. प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
८. बोलपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको सम्बन्धित पेसा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचीमा नपरेको भनी लिखित कबोल गरेको स्व:घोषण पत्र अनिवार्य रुपमा बोलपत्रसाथ पेस गर्नुपर्नेछ।
९. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित ऐन नियम अनुसार हुनेछ।
१०. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | जमानत बापतको रकम रु. | बोलपत्र दस्तुर | लागत अनुमान (भ्याट र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|---|
| १ | DPO-NCB-WORKS-R-01-079/80 | Office Building Extension Work | १२७०००। | रु. ३०००। | ४२१६३४४।०० |

**कार्यालय प्रमुख**

## सानिमा बैंक लिमिटेड, शाखा कार्यालय विरौटाका तपसिलमा उल्लेखित ऋणी तथा व्यक्तिगत जमानतकर्तालाई कालोसुचीमा समावेश गरिने र ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकसँग गरेको सम्झौता बमोजिम यस बैकबाट लिएको कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दैदस्तुर आदि रकम नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको र बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकोले **मिति २०७९ असार ७** गतेको **"राजधानी"** राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण कर्जा रकम चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानुहुने ईच्छुक महानुभावहरूले तल उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौ वा शाखा कार्यालय विरौटामा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, तपसिल बमोजिमको धितो सुरक्षणमा रहेको सम्पत्ती लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तीको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितो बन्धकीमा रहेको सुरक्षण सम्पत्ती बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको घर घरानाको अन्य चल अचल श्रीसम्पत्तीबाट लेना रकम असुल/उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ता तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा सम्बद्ध व्यक्तिहरू समेतले सम्पत्ती लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल:**

**ऋणीको नाम, थर र ठेगाना:**

गजाधर रानाभाटको नाति, कृष्ण बहादुर रानाभाटको छोरा, स्याङ्जा जिल्ला, वाङसिङ्ग गा.वि.स./उ.म.न.पा वडा नं. २ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा १५ मा बस्ने **सुनिल रानाभाट**।



**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना:**

१. खुमकान्त न्यौपानेको छोरी, सुनिल रानाभाटको श्रीमती स्याङ्जा जिल्ला, वाङसिङ्ग देउराली गा.वि.स वडा नं. २ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा १५ मा बस्ने श्रीमती कल्पना न्यौपाने रानाभाट।



२. पुर्ण भद्र पाध्याको नाति, लोकनाथ पाध्याको छोरा स्याङ्जा जिल्ला, विचारी चौतारी गा.वि.स./उ.म.न.पा वडा नं. १ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं ५ बस्ने झलक नाथ पौडेल।



**धितो सुरक्षणको विवरण**

धनी सानिमा बैंक लिमिटेड (ऋणी श्री सुनिल रानाभाट) को नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगंजमा दर्ता रहेको सवारी साधन नं ना ८ ख ४०७० को ईन्जिन नं BAJZK23984 र च्यासिस नं MA1QDAHRCJ6L99892 को Mahindra Torro 25 Tipper

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू:**

१. बोलपत्र आवेदन फारम यस बैकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौं वा शाखा कार्यालय विरौटाबाट रू. ५००/-बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यलय विरौटामा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. नामसारी गर्दा सम्बन्धित यातायात कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले २०७९ साल पुस महिना १८ गते कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान:**
**मिति : २०७९ साल पुस महिना २१ गते।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ।**
**समय : दिनको २.३० बजे।**

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-५९७००३३, फयाक्स: +९७७-१-४४२८९६९, ईमेल: sanima@sanimabank.com

## Invitation for Bids

## *RATNANAGAR MUNICIPALITY*

Invitation for Sealed Quotation for the **two different projects**

**Date of publication: 2079/08/13**

1. Ratnanagar Municipality, Chitwan invites sealed quotation from Nepalese eligible bidders for the "Two different projects" under National Competitive Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ratnanagar Municipality, Bakulahar, Chitwan. Tel No: 056-560529, Email: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the office of Ratnanagar Municipal Executive, Chitwan by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Nrs.1000.00** till **27th Mangsir, 2079** during office hours in **Ratnanagar Na.Pa. (GA-1-1) –Aantarik Khata, No. 1830100301010003 at Rastriya Banijya Bank, Bharatpur, Chitwan.**
4. Sealed bids must be submitted to the office of Ratnanagar Municipal Executive by hand on or before **12:00 on 28th Mangsir, 2079**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1 pm on **28th Mangsir, 2079** at the office of Ratnanagar Municipality, Bakulahar, Chitwan. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid. If bidders wish to submit the cash security, the cash should be deposited in **Dharauti Account (Ratnanagar Na.Pa. (GA-3))- No: 1830100303000003 at Rastriya Banijya Bank, Bharatpur, Chitwan** and submit the receipt of the deposited amount of cash along with Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotation.

| S. N | Contract Identification No. | Description of Works | Bid security Amount | Total Estimated Amount (Including VAT) | Bid Security Validity Period | Payment of Non-Refundable Amount |
|---|---|---|---|---|---|---|
| 1 | RAT/CHITWAN/ works/SQ/03/ 2078-79 | "CONSTRUCTION OF BLACKTOPPED ASHPHALT ROAD(GYANU BAGALE-GOPAL ACHARYA HOUSE, Ward-01" | NRs. 33,000.00 | NRs. 1246191.23 | 75 days | NRs.1,000.00 |
| 2 | RAT/CHITWAN/ works/SQ/04/ 2078-79 | "CONSTRUCTION OF BLACKTOPPED ASHPHALT ROAD(BISNU BHATARAI-TANK LAMIXANE HOUSE, Ward-10" | NRs. 27,000.00 | NRs. 1054902.03 | 75 days | NRs.1,000.00 |

**Chief administrative officer**

## सम्पादकीय

# व्यापारघाटा सन्तुलन गर्न आवश्यक कदम चाल

बितेका ४ महिनामा नेपालको व्यापारघाटा ५ खर्ब पुगेपछि नेपालको आर्थिक अवस्था धराशायी हुँदै गएको कुरामा शंका रहेन। २०७९/८० को साउन मसान्तदेखि कात्तिकसम्मको ४ महिनाभित्र यस्तो अवस्था देखिएपछि यसले सामान्य जनतादेखि अर्थविद्लाई समेत चिन्तित बनाएको छ।

आर्थिक क्षेत्रका विभिन्न सेक्टरमा कहिलेकाहीँ सामान्य सुधारका संकेत देखिए पनि मूलरूपमा भने अर्थिक अवस्था दैनिक खस्किँदै गइरहेको छ। ४ महिनामै ५ खर्ब बराबरको वैदेशिक घाटा भनेको चानचुने कुरा होइन। यदि यही अनुपातमा घाटा कायमै रहने हो भने हरेक वर्षमा यसले ल्याउने आर्थिक घाटा अपूरणीय हुँदै जाने र अन्ततः देश नै टाट पल्टन जाने अवस्था सिर्जना हुनेमा कसैको दुईमत छैन। अझ आश्चर्यको कुरा त के छ भने ५ खर्ब व्यापार घाटा बेहोरेको यो चार महिनामा यसअघिको तुलनामा आयात, निर्यातका साथै घाटा केही सन्तुलनमा आएको भन्सार विभागले जनाएको छ। अब कल्पना गरौं, यसभन्दा बढी घाटा भएका वा सन्तुलन हुन नसकेका महिनामा व्यापार घाटा कति हुँदै आएको छ होला !

गत आर्थिक वर्षको यही अवधिमा व्यापारघाटा ६ अर्बले हुन गएको तथ्यांकले देखाइरहेको छ। यस अवधिमा पोहरको तुलनामा १५ दशमलव ८८ प्रतिशतले व्यापार घाटा कम हुन गएको हो। पछिल्लो समयमा देश कतै टाट पल्टिएर श्रीलंका झैं हुन जाने त होइन भन्ने चिन्ता र चासो निकै बढेर गएको थियो। बहस त यतिसम्म पनि चलेको थियो कि अर्थविद्, सम्बन्धित पक्ष र सामान्य व्यापारी मात्र होइन, अर्थबारे सामान्य जानकारी राख्ने मानिसले पनि यसमा गम्भीर चिन्ता जाहेर गरेका थिए। सरकार निकै दबाबमा थियो। तर, पनि सरकारले न त कुनै ठोस नीति तथा कार्यक्रमअघि सार्न सक्यो न त यसका लागि प्रभावकारी रणनीतिक कदम नै चाल्न सक्यो। परिणामतः यो वर्ष पनि कति घाटा हुन्छ भनेर घाटाको परिणाम हेर्न सबैलाई बाध्य बनाइयो। यो सरकारको असक्षमताको परिणाम थियो। सरकारका मन्त्री भनेका जनताले तिरेको राजस्वका भरमा टल्किने गाडी चढ्ने र खुट्टा हल्लाएर गफ लगाउने, अघिपछि सुरक्षाकर्मी हिडाएर शान झार्ने मात्र होइन, देश र जनताका दैनिक कुरामा ध्यान दिने हो।

तर, विडम्बना, यस वर्ष पनि सरकारले गरेका काम कारबाही आर्थिक मात्र होइन, सबै क्षेत्रमा 'छेपाराको कथा' झैं हुन गयो। सुधारको कुनै छेकछन्द नै देखिएन। आर्थिक उदारीकरणको नीति अवलम्बन गरिएसँगै देशको अर्थतन्त्र बचाउन कुनै पनि कवजको वा सर्तको ख्याल गरिएन। खुला अर्थतन्त्रको भजन गाउँदा देशको आर्थिक विशिष्टताको पहिचान र त्यसको रक्षाका लागि कुनै पनि प्रभावकारी कदम चालिएन। अहिले पनि नेपाली अर्थतन्त्रको विशिष्टता के हुन् भनेर न त मन्त्री न त अर्थ मन्त्रालय नै जानकार छन् ! हरिशरणम्का भरमा देश चलिरहेको छ। अबका दिनमा सरकारका यस्ता रबैया रहिरहने हो भने ती स्वीकार्य हुने छैन। व्यापार घाटा सन्तुलनमा ल्याउन प्रभावकारी कदम चाल !

# शक्ति सन्तुलन र धरातलीय यथार्थ

## प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सरकार गठन गरिसक्नुपर्ने व्यवस्था छ



विष्णुप्रसाद खनाल

नेपालमा समय समयमा राज्यका अभिन्न अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच टकराब चुलिँदै गएको छ। नेपालको संविधान २०७२ को धारा भाग ८ मा संघीय व्यवस्थापिकाको व्यवस्था गरिएको र उक्त भागको धारा ८३ ले नेपालमा प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहितको एक संघीय व्यवस्थापिका रहने व्यवस्था गरेको छ भने धारा ८४ मा नेपालको भौगोलिक क्षेत्र र जनसंख्याका आधारमा १६५ निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणालीबमोजिम १ सय ६५ जना र समानुपातिकबाट १ सय १० जना गरी जम्मा २ सय ७५ जना सदस्य र पाँच वर्षे कार्यकाल रहेको प्रतिनिधिसभाको व्यवस्था छ भने धारा ८६ मा ५९ सदस्य रहेको राष्ट्रियसभाको व्यवस्था गरिएको छ। राष्ट्रियसभाका लागि प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, १ जना दलित र एक जना आपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित आठ जना गरी ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा १ महिलासहित ३ जना गरी जम्मा ५९ सदस्य र ६ वर्षे कार्यकाल रहेको राष्ट्रिय सभाको व्यवस्था छ तर सभाका १ तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने व्यवस्था छ।

संविधानकै भाग ७ मा संघीय कार्यपालिकाको व्यवस्था गरिएको छ, धारा ७५ मा नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने र धारा ७६ अनुसार राष्ट्रपतिले प्रतिनिधिसभाको बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने व्यवस्था छ। प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र गर्ने व्यवस्था छ। यदि बहुमत प्राप्त दल नभएमा दुई वा दुईभन्दा बढी दलको समर्थनमा प्रतिनिधिसभाको सदस्य प्रधानमन्त्री बन्ने व्यवस्था छ। यदि, त्यस्तो पनि हुन नसकेमा राष्ट्रपतिले सबैभन्दा ठूलो दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्न सक्ने तर त्यस्तो प्रधानमन्त्रीले नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने व्यवस्था छ।

संविधानको भाग ११ मा न्यायपालिकाको व्यवस्था गरिएको छ, जसमा नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन प्रकारको अदालत रहने व्यवस्था छ भने कानुनको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई दिइएको छ। सर्वोच्च अदालतको न्यायाधीश पदमा तीनवर्ष काम गरेको प्रधान न्यायाधीश पदमा नियुक्त हुन योग्य हुने र प्रधान न्यायाधीशको अवधि ६ वर्ष हुने व्यवस्था छ।

सिद्धान्ततः राज्यको शक्तिलाई, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका गरी मुख्यतः ती क्षेत्रमा विभाजन गरी कार्यसञ्चाल गर्ने कार्य नै पृथकीकरण भएको र यो शक्ति सन्तुलन र राज्य सञ्चालन तथा देश विकासको आधारशीला पनि हो। राज्यका अंग र बाँडफाँडको पश्चिमी दर्शनबाट आएको हो। ग्रिक दार्शनिक अरस्तु (इसापूर्व ३८४-३२२)ले अवधारणाको विकास गरे तापनि त्यसलाई व्यवस्थित बनाउने र अधुनिकतातर्फ लैजाने कार्य फ्रान्सेली दार्शनिक मन्टेस्क्यु (सन् १६८९-१७५५)ले गरेका हुन्। पूर्वीय दर्शनशास्त्रका दर्शनिक तथा राजनीतिक चिन्तक कौटिल्यले कुनै पनि राज्यमा स्वामी, अमात्य, जनपथ, दुर्ग, कोष, दण्ड र मित्र जस्ता ७ वटा अंगहरू हुनुपर्छ भनी व्याख्या गरेका छन्। तर, प्राध्यापक गार्नरले भने एउटा राज्यमा क्षेत्रफल, जनसंख्या, सार्वभौमसत्ता, सरकार र अन्तर्राष्ट्रिय मान्यता हुनुपर्ने तर्क गरेका छन्।

कुनै पनि राज्यमा राज्यशक्तिलाई अलग अलग बाँडफाँड गर्ने र राज्य सञ्चालनसँग सम्बन्धित शक्तिको सन्तुलन कायम गर्नेकुरा खासगरी सक्ति पृथकीकरण र शक्ति सन्तुलनमा देखापर्ने गर्दछ। वारेन डे मन्टेस्क्युको पुस्तक स्पिरिट अफ ल (सन् १७५०, अंग्रेजी सम्पादन)का अनुसार एक अंगले अर्को अंगको काममा हस्तक्षेप गर्न नहुने, एक अंगले अर्को अर्को अंगको काम गर्न नहुने, एकै व्यक्ति वा समूह राज्यको तीनवटै अंगमा कार्यरत रहेमा नागरिक स्वतन्त्रता नै समाप्त हुने भएकाले एकै व्यक्ति वा समूह अर्को अंगमा रहनुहुँदैन भन्ने मान्यता हुन्छ। यस्तो प्रयास सबैभन्दा पहिले अमेरिकामा भएको पाइन्छ।

अमेरिकी संविधानमा व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार कांग्रेसमा निहित हुने, कार्यपालिकाको सम्पूर्ण अधिकार राष्ट्रपतिमा निहित हुने, न्यायिक शक्ति सर्वोच्च तथा अधिनस्त अदालतमा निहित रहने भन्ने व्यवस्था रहेको छ। तर, कतिपय कार्यरूपमा कार्यपलिका, न्यायपालिका र व्यवस्थापिका अन्तरसम्बन्धित भएको पाइएको छ। जस्तो न्यायपालिकाले कार्यपालिका र व्यवस्थापिकाले गरेका निर्णयहरू उल्टाउने अवस्था आउने गर्दछ भने व्यावस्थापिकाले न्यायपालिकाका न्यायाधीश तथा प्रधानान्यायधीशलाई महाअभियोग लगाउन र हटाउन सक्ने समेत अधिकार छ भने कार्यपालिकाले व्यवस्थापिका भंग गर्न सक्ने अवस्था पनि रहन्छ। नेपालको पछिल्लो विकृत अवस्थालाई हेर्ने हो भने शक्ति सन्तुलनको अवस्थामा दरार आएको छ।

> सत्ता स्वार्थअनुकूल हुनेगरी नीति तथा कार्यक्रम तयार गर्ने, अव्यावहारिक र अवाञ्छनीय निर्णय तथा कार्यक्रम तर्जुमा गर्ने र आफूअनुकूलको विदेश नीति तय गर्ने समस्या छन्

राज्यशक्तिको सबै स्रोत एकै ठाउँमा पुग्दा २०१७ पौष १ गते नेपालमा पञ्चायती तानाशाही शासन सुरु भयो। २०५९ असोज १८देखिको राजा ज्ञानेन्द्रको शासनमा पनि राज्यका सबै अंगहरू एकै ठाउँमा आएका कारण व्यवस्था तानाशाही बन्यो। नेपालमा प्रजातन्त्रको स्थापना भए पनि २०४६ सम्म धेरै अधिकार राजामै निहित भएकाले त्यति बेलासम्मको शक्ति सन्तुलन र शक्ति पृथकीकरणको सन्दर्भमा गर्नु त्यति औचित्यपूर्ण देखिँदैन। २०४६ पछि हालसम्म २९ वटा सरकार बने, देशमा राजनैतिक अस्थिरताले सीमा नाघ्यो तर यसै समयमा शक्ति सन्तुलन र पृथकीकरणको अभ्यास पनि भयो र उलंघन पनि भएको छ। २०५१ सालमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गरेको संसद् विघटनलाई तत्कालीन राजा वीरेन्द्र र सर्वोच्च अदालतले अनुमोदन गरिदियो तर २०५२ सालमा मनमोहन अधिकारीले गरेको संसद् विघटनलाई सर्वोच्चले अर्स्वीकृत गरिदियो।

२०५८ सालमा शेरबहादुर देउवाले संसद् विघटन गरी निर्वाचन घोषणा गरे तर तत्कालीन राजा ज्ञानेन्द्रले उनलाई नै अपदस्थ गरी सत्ता आफ्नो हातमा लिए। २०७८ पुष ५ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरे तर फागुन ११ गते सर्वोच्चले अर्स्वीकृत गरिदियो। के पी शर्मा ओलीले गरेको २ पटक संसद् विघटन सर्वोच्चले उल्ट्याइदियो। नेपालको पछिल्लो अभ्यासमा कार्यपालिकाले व्यवस्थापिकामाथि हस्तक्षेप गरेको प्रस्ट हुन्छ। २०५४ साल पुष २४ गते प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रतिनिधिसभाको वीरेन्द्रलाई सिफारिस गरेपछि राजा र सर्वोच्चले उक्त विघटनलाई बदर गरिदिए।

नेपालको इतिहासमा बेलाबेलामा एक सवैधानिक असन्तुलन देखापर्ने, खासगरी राज्यका तीन अंगबीच असन्तुलन देखापर्ने गरेको छ। एउटा अंगको क्षेत्राधिकारमाथि अर्को अंगले हस्तक्षेप गर्ने प्रवृत्ति नेपालको लागि कुनै नौलो होइन। शक्ति सन्तुलन र शक्ति पृथकीकरणको सिद्धान्तले मात्रै देश नचल्ने रहेछ भन्ने कुरा विगतका घटनाक्रमले पनि पुष्टि गर्दै आएको छ। एकातिर संसद्मा रहेका विभिन्न समितिले दिएका निर्देशन कार्यपालिकाले कार्यान्वयन नगर्दा संसदीय समितिका निर्देशन अर्थहिन बनेका छन् भने कार्यपालिकाले गरेका निर्णय न्यायपालिकाले उल्ट्याउँदै जाँदा शक्ति सन्तुलनमा प्रत्यक्ष प्रभाव पर्न थालेको छ। न्यायपालिकाका कार्यहरू पछिल्लो समय विवादित बन्दै गएका छन्, सवैधानिकभन्दा बढी भावनात्मक कुराहरू देखिन थालेको छ भने राजनीतिक दलको भ्रातृसंगठन जस्तै बन्न थालेको छ नेपालको न्यायालय।

त्यसैगरी, सिंगो व्यवस्थापिकालाई बेवास्ता गर्दै कार्यपालिका अगाडि बढेको अवस्था छ। देशमा चल्दै आएको कर्मकाण्डी राजनैतिक गतिविधिले नेपालको व्यवस्थापिका र कार्यकालिकालाई तहसनहस बनाएको अवस्था छ भने यसले न्यायपालिकामा समेत प्रत्यक्ष असर पार्दै आएको छ। संविधानको धारा ८२ को १ ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको नेपाल सरकार कार्य विभाजन नियमावली २०७४ अनुसार कार्यपालिकाअर्न्तगत प्रधानमन्त्री तथा मन्त्रिपदको कार्यालयसहित २१ वटा मन्त्रालय रहने व्यवस्था छ। ती मन्त्रालयले गर्ने कार्यका विषयमा पटकपटक व्यवस्थापिका र न्यायपालिकामा प्रवेश पाउन थालेको छ। त्यसैगरी, कतिपय कार्यहरू विवादितसमेत बनेको अवस्था छ। व्यवस्थापिकाको सन्दर्भमा प्रतिनिधिसभा नियमावली २०७५ पूर्णकार्यन्वयन हुन सकेको देखिँदैन भने ठूला दलका शीर्ष नेताको प्रभावले व्यवस्थापिका एक कोठेबैठक जस्तो भएको छ। राष्ट्रिय महत्त्वका विषयमा घनीभूत छलफल हुनुपर्ने समयमा ठूला दलको प्रभावमा एकाएक कतिपय समयमा छलफल नै नहुने गरेको छ।

राज्य सञ्चालनको सन्दर्भमा शक्ति सन्तुलन र नियन्त्रण आवश्यकता पनि हो जसमा राज्यका अंगले आआफ्नो अधिकारको सीमाभित्र रहेर काम गर्ने प्रवाधान हुने तर एकले अर्कोको अधिकारमा अंकुश लगाउन भने मिल्दैन यद्यपि राज्य सञ्चालन गर्ने सन्दर्भमा शक्ति सन्तुलनको सिद्धान्तले अन्य अंगको स्वेच्छाचारिता र मनपरीतन्त्रमा अंकुश लगाउने प्रावधान रहेको हुन्छ।

एकातिर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को गठन संघीय संसदका सदस्यबाट र प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् प्रदेशसभाबाट हुने व्यवस्था छ भने सरकार व्यवस्थापिकाप्रति जवाफदेही हुनुपर्ने हुन्छ र व्यवस्थापिकाले प्रधानमन्त्री तथा मुख्यमन्त्रीविरुद्ध संसद्मा अविश्वासको प्रस्ताव लैजानसक्ने, संसदीय समीतिबाट सरकारको काम कारबाहीको निगरानी गर्ने गरिन्छ। कार्यपलिकाले नै विभिन्न विधेयक संसद्मा पेस गर्नुपर्ने, संसद्बाट पारित भएका राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्र ऐन भन्ने व्यवस्थाले कार्यपालिका र व्यवस्थापिकाबीच एक सुमधुर तथा अन्तरनिहित सम्बन्ध आवश्यक छ। अर्कोतर्फ, व्यवस्थापिकाबाट पारित भएका ऐनको सवैधानिक परिक्षण गर्ने कार्य न्यायपालिकाले गर्ने गर्दछ भने प्रधानन्यायाधीश तथा न्यायाधीशविरुद्ध व्यवधापिकाले महाअभियोग लगाउने व्यवस्था तथा अभ्यास रहेकाले न्यायपालिका र व्यवस्थापिकाबीच पनि अन्तरसम्बन्ध देखापर्दछ।

तर, यहाँनेर चाखलाग्दो विषय के हो भने न्यायाधीशको आचरणको विषयमा तथा अदालतमा विचाराधीन विषय तथा मुद्दामा भने व्यवस्थापिकामा छलफल गर्न नपाइने व्यवस्था छ जुन एक तहबाट हेर्दा अव्यावहारिक जस्तो देखिन्छ भने अर्को तहबाट हेर्दा एक शक्ति पृथकीकरणलाई बढवा दिएको जस्तो देखिन्छ। न्यायाधीशको नियुक्तिका सन्दर्भमा कार्यपालिका र न्यायपालिकाबीच अन्तरसम्बन्ध कायम भएको पाइन्छ। जहाँ न्यायालयको फैसलाबाट कायम भएको सजाय अवधि कम गर्ने, माफी दिने अधिकार कार्यपालिकामा रहन्छ। त्यसैगरी, सल्लाह र सुझाव तथा खर्च व्यवस्थापनको सन्दर्भमा खासगरी सरकारलाई कानुनी राय प्रदान गर्ने कार्य न्यायपालिकाको हो भने न्यायपालिकालाई खर्च व्यवस्थापन गर्ने कार्य तथा दायित्व कार्यपालिकाको हो।

राज्यका कुनै पनि अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका दोषमुक्त छैनन्। न्यापालिकाको सन्दर्भमा न्याय ढिला हुने गरेको, कार्यविधि झन्झटिलो रहेको, न्याय प्राप्ति प्रक्रिया खर्चिलो हुँदै गएपछि न्याय समान्य मानिसको पहुँचभन्दा बढी खर्चिलो भएको र फैसला कार्यान्वयनमा समेत समस्या देखापर्ने कार्यले राम्रो संकेत गर्दैन। समयमा न्याय नदिनु भनेको अन्याय गर्नु भएकाले न्यायिक प्रक्रियामा तदारूकता देखाउनु आवश्यक छ। अर्कोतिर व्यवस्थापिकाको सन्दर्भमा पनि विभिन्न समस्याहरू सतहमा आइरहेका हुन्छन्। जनप्रतिनिधि प्रतिनिधिसभा र राष्ट्रिय सभामा अनुपस्थित रहने, गम्भीर विषय तथा महत्त्वका तथा संवेदनशील विषयमा चासो नदेखाउने, अनुकूलताअनुसार कानुनको व्याख्या गर्ने, बहुमतको बलमा जस्तोसुकै प्रस्ताव गर्नपछि नपर्ने र जनताको आवाजलाई सम्बोधन गर्न नसक्ने जस्ता समस्याहरू रहेका छन् भने कार्यपालिकामा समेत समस्याको चाङ लागेका छन्।

सत्ता स्वार्थअनुकूल हुने गरी नीति तथा कार्यक्रमहरू तयार गर्ने, अव्यवहारिक र अबाञ्छनिय निर्णय तथा कार्यक्रमहरू तर्जुमा गर्ने, आफूअनुकूलको विदेश नीति तय गर्ने, शुसासन कायम गर्न नसक्ने, आर्थिक अनियमिता तथा भ्रष्ट्राचार नियन्त्रण गर्न नसक्ने र सबैपक्षलाई समेटन नसक्ने जस्ता समस्याहरू छन्। त्यस्ता समस्यालाई समयमै सम्बोधन गरी शक्ति सन्तुलन र पृथकीकरणसहित व्यावहारिक धरातलमा आघि बढ्नु आवश्यक छ।

# सावधान, देश रोगग्रस्त छ

## डिजिटल युग र डिजिटल डेमोक्रेसीको अवधारणा आइसकेकाले हरसमय जनता भनौं मतदाताले खबरदारी गर्न भुल्नुहुन्न



अच्युतप्रसाद पौडेल 'चिन्तन'

जतिपटक चुनाव भए पनि देशले धोका खाएको छ, बिरामी छ देश, देशबासीले धोका खाएका छन् र त यसपालिको आमनिर्वाचनमा मतदाताको उत्साह देखिएन। सम्भवतः चालू संविधानले व्यवस्था गरेको चुनाव यो अन्तिम हुनुपर्छ, धेरैको मुखबाट सुनिएको छ। अचम्म, यो चुनावबाट हस्ती भनिएका दलले आफ्ना मुख्य सारथीहरू गुमाएका छन् र पनि टुक्रिएर गएकासँग दौतरी जोड्ने प्रयासस्वरूप टेलिफोन वार्ता गरेका छन् फेरि। गला मिलाए अघिल्लो चुनावमा, बोइङ चलाउने साँचो जनतासँग मागे र भने हाम्रो मित्रता ५० वर्षसम्म अनवरत हुन्छ। जनताले पत्याए, तर बोइङलाई दुर्घटना गराए।

एनकेन दुई चार वर्ष चल्यो, काँचो माटोको हाँडी जस्तै फुट्यो, र दुईपटक त प्रतिनिधिसभाको अन्त्य भयो। संविधान नै त्यस्तै बनाइएको रहेछ कि अदालतले प्रतिनिधिसभालाई पुनर्स्थापना गरिदियो। नेकपाबाट चोइटिएर गएको दलबाट कंग्रेससँग मिलेर अप्राकृतिक गठबन्धन गरियो र भनियो यो गठबन्धन १५ वर्षसम्म जारी रहन्छ। तर, पछिल्लो चुनाव परिणामले नेकपा फुटाउँदै आफ्नै घर जलाएर खरानीको टिको लाउन प्रयत्न गर्ने दलका नाइकेहरू अहिले पश्चाताप गर्दै छन् र धेरै हदसम्म यिनको अब संसदमा उपस्थिति नहुने भएको छ।

नेतामा भिजन पटक्कै नहुँदा र दुरदृष्टिको अभावमा यिनले आफूमात्रै पश्चाताप गर्दै छैनन्, यो सानो र कोमल देशलाई नराम्रो खाडलमा पनि हालेका छन्। खाडलबाट उत्रिने सम्भावना धेरै कम छ, अहिले मौका पाए यिनै दलले फेरि साँठगाँठ गरेर सत्तामा पुग्ने प्रयास गर्नेछन् र पुराना तिकडमलाई बिउँताउन प्रयासरत हुन्छन्। अब डिजिटल युग र डिजिटल डेमोक्रेसीको अवधारणा आइसकेकाले हरसमय जनता भनौं मतदाताले खबरदारी गर्न भुल्नुहुन्न। मतदाताकै खबरदारीमा काठमाडौंमा बालेन, धरानमा हर्क अनि कैलालीमा हमाल उदाएका हुन्। पछिल्लो चुनावअघि मात्रै स्थापित हुन खोजेको स्वतन्त्र पार्टीको घन्टी धेरै अगाडि आएको छ र सम्भवतः सरकार बनाउने साँचो उसको हातमा पनि हुने निश्चित छ।

जुम्लामा ज्ञानेन्द्र शाही, चितवनमा रवि लामिछानेदेखि काठमाडौंमै आशा गरेभन्दा बढी सिट स्वतन्त्र पार्टीले ल्याउनु भनेको दल माथिको प्रश्न हो, के गरियो अतीतमा ? भन्ने ठाडो प्रश्न हो। अहिले चुनावमा दलका सारथीहरू हारेका छन्, केही आशालाग्दाले पनि जितेका छन्। पूर्वका योगेशदेखि काठमाडौंका गगनहरू पनि छन् तर यी पनि पहिले परिक्षण भइसकेका पात्रहरू हुन्। विश्व प्रकाशलगायत धेरै नयाँ युवाका संसद प्रवेश हुँदै छ भने केही नाम कमाएका विज्ञहरू पनि संसद यात्राका लागि तय भइसकेका छन्। तर, पुरानाहरू पनि केहीको उपस्थिति भई नै रहेको देखिन्छ। अब पनि पुराना गल्तीहरूलाई महसुस गरेर आफू अभिभावकत्वमा मात्रै बस्ने, नयाँ अनुहारहरूलाई सत्ता सञ्चालन गर्ने साँचो सुम्पने काम गरिएन भने देशले अर्को ठूलो दुर्घटना बेहोर्नु पर्नेछ।

माओवादी दल पहिले नै आउट डेटेड् हो, ओलीसँग टाँसिनु र त्यसअघि नै माओवादीका कमाण्डरले संसदमा आफू उपस्थित नहुने विचार गरी कहिले कता कहिले कता जानुले नै स्पष्ट पार्छ। पछिल्लोपटक आफूसँग छुटिसकेका प्रचण्डलाई गोर्खाको ठाउँ खालि गराइदिएर काठमाडौंमा पुत्री मोह परे पनि प्रचण्डलाई कुम हल्लाउन त संसदमा सजिलो भयो तर काठमाडौंबाट माओवादी बढारियो। माओ जुन देशका हुन् उनकै देशमा उनको आदर्श र सहिता लागू भइरहेको छैन यहाँ कसरी हुन्छ लामो समय ? अहिले पनि नेपालीहरू धेरै विदेश गएका छन्, कसैले लामो समय चीन, उत्तर कोरिया, क्युबा जाने भनी सोच्दैनन् कारण हाम्रो सिद्धान्त, रहन सहन खुला र उदार लोकतन्त्र व्यवहारमा हुनुपर्छ भन्ने हो। शेरबहादुर, प्रचण्डले चुनावी जाल नफ्याकेका होइनन्। माओका प्रचण्डको प्रचार गर्न शेरबहादुर आफैं गए र भने गठबन्धनलाई जिताउनूस्, संविधान बचाउनूस्। संविधान के, कुन परिवेशमा आएको हो जनताले बुझे अब।

समानुपातिक चाहिने कि नचाहिने, प्रदेश आवश्यक हो कि होइन, संविधानले कहिल्यै एकमना सरकार नहुने गठजोड नै गर्नुपर्ने भन्ने बुझ्न पनि भ्याएको अवस्था हो अहिले। व्यवस्थाप्रति वाक्कदिक्क भएको काठमाडौंका मतदाताले विगतमा नानीमैयाँलाई जिताएका पनि हुन्, अहिले बालेन आउँदा पनि दलले सच्चिने रूपमा सोचेनन्। अब त सकिने बा सच्चिने दुई विकल्प छ। सच्चिने हो भने जनप्रतिनिधिका रूपमा लिइने राज्यको ढुकुटी तमाम बन्द गर्नुपर्छ, प्रदेश र समानुपातिकमा तुरुन्तै निर्णय गरी संविधान संशोधन गर्नुपर्छ। आफ्नो सिद्धान्त र निष्ठा छैन स्वतन्त्रलाई भन्ने मानसिकता त्यागेर शीर्ष नेताले अब सत्ताको च्याल चुहाउनुहुन्न।

> गरिबी न्यूनीकरण, आवासको व्यवस्था, आय आर्जन र रोजगारीका कुरा, कुपोषण र भोकमरीविरुद्धका विषय सबै ओझेलमै छन्

३२ वर्षमा सामान्य प्राकृतिक परिवर्तनबाहेक के भयो देशमा ? हावाका पुलिन्दा मेलम्ची र रेलका सपना देशलाई दिएर निद्रामै मतदातालाई राख्न अब कसैले पाउँदैन। काम गर्न नदिए पनि पछि आएका नयाँ अनुहारले संसदमा टेबुल ठटाउनुपर्छ, लुकीलुकी खानेलाई नांगेझार पार्छौं, फाइल खोलेर देखाउँछौं भनी संसदमा गएकाले बोली फेर्न मिल्दैन, सत्ताको चास्नीमा डुब्ने होइन रबिजी, प्रतिपक्षमा बसेर भए पनि देशलाई अघिल्लो बागडोर सम्हाल्ने बाटो तय गर्नुपर्छ। यस्तै पाराले देश मध्यावधिमा जान सक्छ बा टालाटुली बटुली धानिरह्यो भने पनि ५ वर्षपछि देश चलाउने जनादेश पाउने भनेको अहिलेका नयाँ अनुहारले नै हो। आदर्श, सिद्धान्त छैन भन्नेलाई कडा जवाफ दिनुपर्छ, सिद्धान्त विदेशी नेताको होइन नेपाली सिद्धान्त चाहियो, विदेशी मोडलमा चलेको हेरियो, अब यस्तो कसरत कसैले गर्नु हुन्न।

अन्यत्र विकसित देशमा कुनै प्रणाली ठीक भयो भन्दैमा यहाँ ठीक हुन्छ भन्ने होइन। संघीयताको एजेन्डा बोक्नेहरू पाखा लागिसकेको अवस्थामा एक/दुई जनाकै लागि यसलाई राखिरहनुपर्छ भन्ने होइन। अहिले आधाआधी मतदाता किन भोट हाल्न आएनन् त्यसले पनि गतिलो जवाफ मिल्छ भने चुनावकै आसपासमा हजारौं नेपाली भोट होइन नोट कमाउन विदेश त्यसमा पनि खाडीतिर जानुले के अर्थ लाग्छ ? यहाँ बस्नेहरूलाई झन् पीडा छ महँगीको, करको, रोगको, शोकको, सिटामोल नपाउने जनताको देशमा बसेर आलिशान महल, प्राडो, पजेरो, हेलिकोप्टर, करौडौंको शौचालय र कार्पेट अनि लाखौं औषधि उपचार जनताको पसिना र खुनको भक्षण गर्ने नेताहरू कहिले सच्चिने ?

आफूलाई आवश्य परेको सुविधा आफैं बढाउन सक्ने यस्तो परिपाटीले देश कंगाल र भिक्षार्थी हुँदै छ, व्यापारघाटा, बजेटको अवस्था, विदेशी ऋण, उद्योगधन्दा ठप्प, बेरोजगारीको पीडाले के भनिरहेको छ ? देशले अनि संसारकै खर्चिलो चुनाव हातमा आयो शून्य केवल नेता पोस्ने, तिनका आसेपासेलाई सार्वजनिक पद दिएर आर्जीवन मात्रै होइन मरणोपरान्त संस्था भन्दै राज्य ढुकुटीको वितरण तमाम बन्द हुनुपर्छ। शुद्ध सामाजिक सेवा जसले गर्न सक्छ उसले राज्य चलाउनु पर्छ भन्ने मान्यतामा मतदाता विश्वस्त भइसकेका छन् र उम्मेदवार नै नउठेको ठाउँमा पनि अमूक चिह्नमा मत जाहेर भएको अवस्था छ र सेवाप्रवाह राम्रो गरेर काम गरेर खान सक्ने वातावरण तय गर्ने सरकारको खाँचो हो देशमा दुनियाँ कोठा चोटामा राखेर राष्ट्रियता धरापमा राख्ने सरकारको आवश्यकता होइन, कागजी नक्सा, मेट्रो मोनोरेल गगनचुम्बी भ्युटावर र बिचौलियाको रजगज, समय नपुगी आफ्नालाई कमाउने धन्दाका कामको म्याद थप विगतका केसहरू केलाउने हो भने ज्वरो आउँछ शरीरमा।

केवल जनतालाई सपना बाँड्ने, काम माखो नमार्ने, सुशासनका नाममा आफ्नो निवासभन्दा अन्यत्र कतै ननिस्कने, आफ्नैमा बैठक बस्दा पनि ओछ्यानतिर पल्टने बिरामी छु भन्ने यस्तो काम कारबाही अब असह्य हुन्छ। कुम हल्लाउँदै भाषण गरेर गिरिजाको पालामै रुख र हँसियाको मिश्रण भइसकेको हो भनेर अनर्गल प्रचार गर्नेहरूलाई पनि मतदाताले दण्डित गरिसकेका छन्, चितवनबाट सजिलो क्षेत्रतिर लाग्नु त्यसको उदाहरण हो, चितवनमै बसेको भए जनलहरले उल्टोपाल्टो गर्न सक्ने आँकडा सुरुमै देखिइसकेको थियो।

विश्वमान चित्रमा चट्टानी क्षेत्र बोकेको चिसो हिमालसहित डेढ लाख वर्ग किमिको देश छ, तर नेता र कार्यकर्ताहरू असंख्य छन्, देशले धान्नै नसक्ने, सिको गरिँदै छ ठूला छिमेकीको र नयाँ शब्दजाल कनेक्टिभिटीको कुरा समेत गरिँदै छ, हिँडेर गुडेर पुग्नै नसक्ने भूगोलजस्तो गरी। देशको क्षमता नहेरी सत्ता प्राप्तिको क्षमता मात्रैले देश उँभो लाग्दैन। देशबासीहरू एकतिहाईजति विदेसिएका छन्, गाउँ रित्तो छ, भूमि बाँझो छ, उत्पादन छैन, भिक्षा लिएर भान्छा चलाउनुपरेको छ, वार्षिक बजेटभन्दा बढीको ऋण र व्यापारघाटा छ। चुनावलाई आवश्यक गाडी उपहार त्यो पनि हजारौंको संख्यामा लिनुपरेको छ। कहाँ छ यहाँ रोजगारी र आयआर्जनका विषयहरू।

साढे बाह्र लाखलाई रोजगारी सिर्जना गरिने भन्ने कपोलकल्पित आशाहरू बाँडियो चुनावमा आधार र स्रोत के हो यसको ? करमाथि कर थोपरेर जनताको आँसुमा राजनीति रमेको छ। प्रदेश सरकारको काम के हो ? समानुपातिक प्रणाली किन ? झ्यालझ्यालमा मन्त्रालयहरू स्थापनाबाटै देश समृद्ध हुने हुँदै होइन ? मतदाताका पीडा जहाँ छन् त्यहीँ छन्, एक पेट खान, एक झुम्रो लाउन घरबारी बेचेर खाडीमा जानुपरेको अवस्था छ। विदेशी खाद्यान्न र इन्धन नभए यहाँ सासै रोकिन्छ,। भाइ मसला, दसैंका माछा, मासु, जिउका जनै मात्रै होइन सबैकवस्तु आयात नै हुने हो। देखासिकी धेरै छ, नक्कल गर्ने बानी छ, । सात सालदेखि बाँडिएका आशा अझै अधुरा छन्। सपना वितरण गर्दै चुनाव आउँछ, एक साता अगाडि उही पुराना घोषणापत्र दिन्छन् नेता, दल, चुनावपछि एकै सातामा प्रतिबद्धताहरू भुल्छन्।

पूर्व-पश्चिम रेलमार्गको आवश्यता वा पानीजहाज आवश्यकता हो कि ठूला विमानस्थल आवश्यकता हुन् कि दुर्घटना रहित सानातिना सवार साधनको। दसैंतिहार आउँछन् सबैतिर गाडीहरू सोत्तर हुन्छन्, अकाल मृत्यु जीवन समाप्त भएका दुखद र दर्दनाक पीडाहरू छन् देशमा। विदेशीशैली र विदेशी इसारामा कति दिन चल्छ देश ? अहिले एक नेपालीले आमाको गर्भमा आउना साथ ७५ हजारको ऋणभार बोक्न बाध्य छ। जन्मेको प्रसूती गृहदेखि मरेको आर्यघाटसम्म कर बुझाउनुपर्छ, कर तिरेवापत्को सुविधा छैन। सडक हिंड्न नहुने छ,।

यत्राविधि अशक्त, अपांग जनता भएका देशमा अपांगमैत्री संरचना, वृद्धमैत्री संरचनाहरू बन्न सकेका छैनन्। अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका बाचाहरू सबैजसो अधुरा छन्। गरिबी न्यूनीकरण, आवासको व्यवस्था, आयआर्जन र रोजगारीका कुरा, कुपोषण र भोकमरीविरुद्धका विषय सबै ओझेलमै त छन्। देश स्वर्ग बनाउने भनी संघीयता ल्याइयो के पायो जनताले, नेता समृद्ध हुँदा देश समृद्ध सम्झनुपर्ने ? कमिसनको खेल छ, सामानको गुणस्तर छैन, चुनावले पनि मेलम्ची उठाएन त, नेता केन्द्रित नीति भयो, नीति केन्द्रित नेता भएनन्, ७४ को चुनावी एजेन्डा खोइ त के पूरा भए ?

# नाटक मञ्चनसँगै रंगकर्मीको संघर्षका कथा

**राजधानी समाचारदाता**
काठमाडौँ



धापागाउँस्थित मण्डला थिएटरमा चार दिनदेखि नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव (निटफेस्ट २०२२)अन्तर्गत चौथो दिन सोमबार दुई नाटक प्रदर्शन भए। केही महिनाअघि काठमाडौंमा मञ्चन भएका नेपाली नाटक 'खुवालुङ: ढुंगाको बाटो' सोमबार महोत्सवमा मञ्चन भयो । यो नाटक सोमबार मध्याह्न १२ र दिउँसो ४ बजे मञ्चन गरिएको थियो ।

सो नाटकमा 'ढुंगाको मिथ' बताउँदै गर्दा, सिंगो किराती जनताको भावना नबुझी यसलाई फुटाउने धम्की दिने सरकारको आलोचना गरिएको छ। आदिबासी जनजातिको पारम्परिक अवस्था र संस्कृतिमाथि बाह्य अतिक्रमणप्रति नाटक केन्द्रित छ। 'खुवालुङ'ले किराती सभ्यताको इतिहासका रूपमा सदियौंदेखि सप्तकोशीबीच उभिएको ढुंगाको कथा प्रस्तुत गरेको छ ।

त्यस्तै, सोमबार साँझ ६ बजे अर्को नाटक 'इम्ब्रिओनिक' मञ्चन भयो । यो नेपाली नाटकलाई केदारनाथ पौडेलले निर्देशनसँगै लेखनको कार्यभारसमेत सम्हालेका छन्। यो नाटकले रंगमन्चमा हृदय र मस्तिष्कबीचको बिरोधाभाषसँगै अस्तित्वसम्बन्धी प्रश्न उठाएको छ ।

यी प्रश्नसँगै दर्शकले आफ्ना अनुभवको आधारमा आफूभित्रको विचार फर्केर हेर्ने र त्यसबारे स-साना विवरण याद गर्ने प्रयास आफूहरूले गराएको निर्देशक पौडेलको कथन छ ।

'सामाजिक रूपान्तरणका लागि रंगमञ्च: विविधताको उत्सव' नारासहित जारी महोत्सवमा सोमबार 'काठमाडौंले छेकेको नेपाली रंगमञ्चको दु:ख: मञ्च, दर्शक कि नाटक' विषयक छलफलसमेत भएको छ। छलफलमा पोखरा थिएटरका परिवर्तन, कलालय इटहरीका सोनु जयन्ती, बुटवलबाट सुरेश सापकोटा, कर्णाली आर्ट सेन्टरका हिरा बिजुली नेपालीले संघर्षका कथा र अनुभव सुनाए ।

सोमबार नै 'अपांगता भएका दर्शकका लागि 'रंगमञ्च कसरी पहुँचयोग्य बनाउने' विषयमा कार्यशाला गरियो । आफूहरूले रंगमञ्च अझ समावेशी बनाउन कार्यशाला आयोजना गरिएको आयोजकले जनाएको छ ।

# एउटै गीतमा दुई सय कलाकारको नृत्य

**काठमाडौं/रास–** चलचित्र 'डिसेम्बर फल्स' नयाँ गीति भिडियो सार्वजनिक गरिएको छ। 'चार घन्टा कुरेर' शीर्षकको गीत विश्व सम्पदामा सूचीकृत भक्तपुर दरबार क्षेत्र र त्यहाँका विविध संस्कृति कैद गरिएको छ ।

करिब दुई सय कोरस कलाकार गीति भिडियो भक्तपुरको संस्कृति प्रवर्धनका लागि छायांकन गरिएको निर्माता रामप्रसाद रिजाल र लक्ष्मण रिजाल बताउँछन् ।

भिडियोमा अभिनेता आर्यन सिग्देल र अभिनेत्री उपासना सिंह ठकुरीलाई पनि सांस्कृतिक परिचनमा उतारिएको छ। दीपक शर्माले लेखेको गीतमा संगीत पनि उनकै छ ।

लामो अभ्यास र तयारीपश्चात् भिडियोमा दुई सय जनालाई नृत्य र अभिनय गराउन सफल भएको कोरियोग्राफर रामजी लामिछानेले बताए। भारत मुम्बई बस्दै आएका निर्देशक प्रवीण भाले फिल्म निर्देशन गरेका छन् । जसमा भारतीय महेश आर पुप्ताको छायांकन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, बनिश शाहको सम्पादन छ ।

# दाम्पत्य जीवनमा बाँधिए सलोन

**काठमाडौं/रास–** अभिनेता सलोन बस्नेतले मोडल तथा बिमान परिचालिका करिश्मा केसीसँग विवाह गरेका छन्। काठमाडौं चन्द्रागिरीस्थित



भालेश्वर मान्दिरमा उनीहरू पारम्पारिक विधिबाट वैवाहित बन्धनमा बाँधिएका हुन् । सोमबार विवाहमा परिणत गरेका हुन् ।

म्युजिक भिडियोमा सहकार्य गरेका सलोन र करिश्माको चार वर्षअघि चिनजान भएको थियो । त्यसपछि उनीहरूबीच प्रेम सम्बन्ध सुरु भएको हो। उनीहरूले यही प्रेम सम्बन्ध

उनीहरूको विवाहमा अभिनेता भुवन केसी, अनमोल केसी, सलिनमान बनियाँ, आमेश भण्डारी, वर्षा राउतलगायत कलाकार जन्ती गएका छन् । अभिनेता सलोनले आफ्नो विवाहको 'रिसेप्सन' पार्टी १४ मसिरमा होटल हायात प्यालेसमा राखेका छन् । सलोनको नयाँ चलचित्र 'मिलन' शुक्रबारबाट मुलुकका सिनेमा हलमा रिलिज हुँदै छ ।

# होटल घेराबन्दीमा चार जनाको मृत्यु

**एएफपी**
मोगादिसु

सोमालियाको राजधानी मोगादिसुको एक होटलमा रातभर घेराबन्दी गर्ने अल-शबाब लडाकूले गरेको आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको छ ।

राष्ट्रपति भवननजिकैको होटलमा गोली प्रहार गरेको १२ घण्टाभन्दा बढी समयपछि पनि गोली र विस्फोटको आवाज सुनिएको छ ।

बन्दुकधारी सरकारी सेनाले घेरिएको होटलको कोठामा लुकेका राष्ट्रिय सुरक्षा निकायका अधिकारी मोहम्मद दाहिरले बताए। 'अहिलेसम्म हामीले चार जनाको मृत्यु भएको पुष्टि गरेका छौं,' उनले भने । अहिलेसम्म घेराबन्दी गरिएको स्थानबाट अन्यको उद्धार गरिएको छ। छिट्टै अवस्था सामान्यमा फर्किने र सरकारी अधिकारीसमेत घाइते भएका छन् ।

सोमालियाका राष्ट्रपति हसन शेख मोहम्मदको कार्यालयबाट केही ब्लकको दूरीमा रहेको राजधानीको सुरक्षित मध्य भागमा रहेको भिल्ला रोज बारम्बार सांसद आउने गरेको बताइएको छ । १५ वर्षदेखि सोमालियाको केन्द्रीय सरकारलाई ध्वस्त पार्ने प्रयास गरिरहेको अल-कायदासँग आबद्ध आतंकवादी समूह अल-शबाबले आक्रमणको जिम्मेवारी लिएको छ ।

आतंककारीले होटलको गेट र परिसरमा विस्फोट गराएका थिए । सोमबार बिहान प्रहरी होटलमा प्रवेश गरेको र उद्धार कार्य सुरु भएको बताइएको छ ।

सोमालियाका अल सेबाब आतंककारीले पछिल्लो समय सुरक्षाकर्मी, सर्वसाधारण नागरिक एवं विभिन्न भौतिक संरचनामा पनि आक्रमण गर्ने गरेका छन् ।

# पहिरोमा १४ जनाको मृत्यु

**याओन्दे/ सिन्हवा–** क्यामरुनको राजधानी याओन्देमा आइतबार पहिरोमा परेर कम्तीमा १४ जनाको ज्यान गएको छ। प्रहरीका अनुसार पहिरोमा परेर १४ जनाको ज्यान गएको छ भने अन्य केही बेपत्ता छन् । पछिल्लो समय बाढीपहिरो प्रकोप बढेको बताइएको छ ।

यस क्षेत्रका नागरिकको मृत्यु संस्कार क्रममा भेला भएका नागरिक पहिरोमा परेका थिए । त्यस क्रममा १४ जनालाई पहिरोले लगेको र केही भाग्न सफल भएका थिए। हराएकाहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।


अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MICROWAVE OVEN | SOLO | LG | MS2043DB | 20 Ltr | INDIA | SET | NPR | 15,690/- | |
| 2 | MICROWAVE OVEN | GRILL | LG | MH2044DB | 20 Ltr | INDIA | SET | NPR | 16,890/- | |

बिक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर

स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१



## मलेशियामा रोजगारी

**1. CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD**

Pre Approval Date: 2022/11/28 | चलानी नं.: ६०१९२२५८ | LOT No. 276616 | शहर: MALAYSIA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 200 | 0 | 1500 | 43907 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता मिति २०७९/८/२० गते (6 Dec. 2022) प्रधान कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भएको निश्चित गर्नुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The River Overseas Pvt. Ltd.**
Battisputali, Gaushala, Kathmandu, Nepal, Fax : +977-1-4562430
Tel: +977-1-4562431, 4562432, 9801247223, 9801247214, 9801247247
Email : admin@theriveroverseas.com, Web: www.theriveroverseas.com
Govt. Lic. No. 406/060/61
ISO 9001 : 2015 Certified



## साउदी अरेबीया र मलेशियामा रोजगारीको अवसर

**1. AL EMAD SUPPORT OPERATION AND MAINTENANCE**

Pre Approval Date: 2022/11/28 | चलानी नं.: ६०१९२२४० | LOT No. 276681

कम्पनीले टाटासँग सहकार्य गरेर नेपाल भरी हाइटेक फ्युचरिस्टिक डायग्नोस्टिक केन्द्रहरू स्थापना गरी विभिन्न उत्पादन र सुविधाहरू प्रदान गर्ने योजना बनाएको छ। साथै सर्वसाधारणलाई सुलभ मूल्यमा स्वास्थ्य सेवा उपलब्ध गराउने विशाल उद्देश्यको साथ कम्पनीले नेपाल भरी सम्पूर्ण सुविधासम्पन्न डायग्नोस्टिक तथा रिएजेन्ट्स उत्पादन केन्द्रहरू स्थापना गरेर सञ्चालन गर्ने जनाएको छ।

एचएमडीएलले स्वास्थ्य सेवामा नवीनतम र फ्युचरिस्टिक प्रविधि समायोजन गर्ने लक्ष्य राखेको छ। त्यस्तै, यसले सर्वसाधारणलाई एकीकृत र सुपथ मूल्यमा सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल र अन्य डायग्नोस्टिक ल्याबसँग मिलेर पनि काम गरिरहेको छ।

# नेसनल लाइफको दुईदिने बिमा सचेतना कार्यक्रम



**काठमाडौं/रास–** नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले सुदूरपश्चिम प्रदेशको बझाङमा बिमा सचेतनासम्बन्धी विभिन्न कार्यक्रम सम्पन्न गरेको छ। बिमा सचेतना प्रवर्द्धनमा जीवन बिमा कम्पनीले पनि योगदान पुऱ्याउनुपर्ने नेपाल बिमा प्राधिकरणको नीतिअनुरूप आयोजना गरिएको यी कार्यक्रममा कम्पनीले मंसिर १० गते बझाङ जिल्ला जयपृथ्वी नगरपालिकास्थित जिल्ला अस्पतालको प्राङ्गणमा रक्तदान कार्यक्रम सम्पन्न गऱ्यो।

कम्पनीका अभिकर्ता र स्थानीय जनसमुदायको उल्लेख्य सहभागिता रहेको रक्तदान कार्यक्रममा रक्तदान गर्ने अभिकर्ता तथा स्थानीयलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले धन्यवाद ज्ञापन गरेको थियो।

यसैगरी, कम्पनीले सचेतना कार्यक्रमलाई निरन्तरता दिँदै मंसिर ११ मा बझाङको चैनपुरमा रहेको सत्यवादी मावि र बझाङको भगोतास्थित भैरव माविका शिक्षक तथा विद्यार्थीलाई छुट्टाछुट्टै कार्यक्रम आयोजना गरी बिमा सचेतना सम्बन्धमा जानकारी गराइएको थियो। जसअन्तर्गत कम्पनीका मार्केटिङ विभाग प्रमुख विवेक शर्माले बिमाको महत्त्व र आवश्यकताबारे प्रकास पारेको थियो भने प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले नेपाल बिमा बजारको अवस्था र सम्भावनाका साथै बिमा ऐन २०७९ मा उल्लेखित आधारभूत विषयबारे सहभागीलाई जानकारी गराएको थियो।

साथै उक्त कार्यक्रममा करिब १०० जना शिक्षकको १ लाखको म्यादी जीवन बिमा गरी प्रमुख कार्यकारी अधिकृतले बिमालेख हस्तान्तरण गरेको थियो। यसैगरी, भैरव मा.वि. मा सम्पन्न गरिएको कार्यक्रममा मिर्गौला पीडित उजालाकुमारी दमाईलाई सीआरएसअन्तर्गत आर्थिक सहयोगस्वरूप २५ हजार पनि प्रदान गरिएको थियो।

कम्पनीका एजेन्सी विभाग प्रमुख सुशील प्रताप राणाले सञ्चालन गरेको दुवै कार्यक्रम प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा दुवै विद्यालयका करिब ४५० जना शिक्षक तथा विद्यार्थीको उपस्थिति रहेको थियो भने सहभागी विद्यार्थीलाई कम्पनीको टिसर्ट पनि वितरण गरिएको थियो।

# बिर्तामोडमा एओजी राइड सम्पन्न




**काठमाडौं/रास–** नेपालका लागि टीभीएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले शनिबार बिर्तामोडदेखि कन्यामसम्म अपाचे ओनरस् ग्रुप (एओजी) राइडको धुमधाम आयोजना गरेको छ।

३० जना राइडरको सहभागिता रहेको उक्त कार्यक्रममा अपाचे राइडर यात्राको क्रममा विभिन्न मनोरञ्जनात्मक गतिविधिमा संलग्न भए, नेपालको प्रसिद्ध पर्यटकीय गन्तव्य कन्यामको अवलोकन गरेर कार्यक्रम आयोजना गरेकोमा खुसी व्यक्त गर्दै टीभीएसको प्रशंसा पनि गरे।

टीभीएसले काठमाडौं, कोसी, गण्डकी, लुम्बिनी, नारायणीलगायत देशका विभिन्न स्थानमा एओजी राइड कार्यक्रम आयोजना गरेको छ। अत्याधिक रुचाइएको यो अभियान नेपालका अन्य क्षेत्रमा पनि आयोजना गर्ने योजना रहेको कम्पनीले जनाएको छ।

राइडका एक सहभागी तथा ब्लगर, अनुप श्रेष्ठ भन्छन्, 'टीभीएसले पहिलापटक पूर्वी नेपालमा यस्तो राइडको आयोजना गरेको छ। जगदम्बा मोटर्स्लाई पूर्वी नेपालमा बाइकरको समुदाय बनाएर हामीलाई बाइकिङ प्रविधि सिक्ने मौका दिएकोमा धन्यवाद दिन चाहन्छौं।' उनी यतिमा रोकिएनन्, उनले थपे, 'हामीले फेसबुक र भाइबरका एओजी राइडर्स नेपाल समूहमा पनि सामेल भयौं जसले हामीलाई आगामी दिनमा टीभीएसले आयोजना गर्ने राइड तथा कार्यक्रमबारे अपडेट राख्नेछ। यसले हामीलाई भविष्यमा पनि यस प्रकारका कार्यक्रममा भाग लिन उत्सुक बनाएको छ।'

टीभीएसका प्रमुख मार्सल गौरवले सम्पूर्ण कार्यक्रमको अनुगमन गरेका थिए भने सन्जेश बुढाथोकीले उक्त कार्यक्रमको नेतृत्व गरेका थिए। एओजी, अपाचे बाइक भएका राइडरको समुदाय हो, जुन मोटरसाइकलप्रति उनीहरूको प्रेम, जोस, र लगाव बाड्ने एउटा साझा प्लेटफर्म हो। भारत तथा अन्य राष्ट्का अपाचे राइडरले बनेको यस समुदायले सम्पूर्ण राइडरलाई एकजुट बनाएर विभिन्न कार्यक्रम तथा साहसिक खेलमा संलग्न गराउँछ।

जगदम्बा मोटर्स पालि नेपालमा टीभीएसका दुईपाङ्ग्रे सवारी साधनका लागि एक मात्र आधिकारिक वितरक हो। कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरको बलियो राष्ट्व्यापी वितरण सञ्जालका साथ टीभीएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल छ।

गुणस्तरीय उत्पादन, बिक्रीपश्चात्को उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाको उपलब्धतामार्फत उपभोक्तालाई दिइएको उच्चतम् सन्तुष्टिका कारण आज टीभीएस नेपालको सर्वाधिक रुचाइएको टु-ह्विलर ब्रान्डका रूपमा स्थापित छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्वाबीन विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आब्हान गरिएको सम्बन्धी ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०७९/०८/१३ गते राजधानी राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०७९/०९/१८ गते दिनको ३:०० बजे सम्म**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय खजुरा, बाँकेबाट एस.एम.ई. अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **३५ (पैतिस) दिने** सूचना प्रकाशित गरि आव्हान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा सम्बन्धित शाखा कार्यालय खजुरा, बाँकेमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरु शाखा कार्यालय खजुरा, बाँकेमा ३६ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधापुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, जमानीकर्ता समेतको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गर्ने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणी/प्रोप्राईटर/जमानीकर्ताको बिबरण | जमानीकर्ताको बिबरण |
|---|---|
| **ऋणीको नाम : खजुरा ट्रेडर्स**<br>फर्म रहेको ठेगानाः खजुरा गाँउपालीका-५, बाँके<br>दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग, वाणिज्य कार्यालय, नेपालगञ्ज, बाँके<br>दर्ता नं. : २७१९६/०७४/०७५<br>दर्ता मितिः २०७४/०५/०४, पान नं. : ६०६४३५५९४<br>**प्रोप्राईटर/जमानिकर्ताको नाम : बुध्द बहादुर कार्की**<br>बाबुको नामः विर बहादुर काकी<br>बाजेको नामः एक बहादुर कार्की<br>ठेगानाः दाउन्नेदेवि-८, नवलपरासी<br>हालको ठेगानाः खजुरा गा.पा.-५, बाँके<br>ना.प्र.नं. : ४८२३९<br>जारी मिति : २०५५/०८/२७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी<br><br>**कर्जा शीर्षक : एस.एम.ई. अधिविकर्ष कर्जा**<br>**कर्जा लिएको शाखा : खजुरा, बाँके** | **क) नामः बिमला कार्की**<br>बाबुको नामः सोम ब. के.सी<br>पतिको नामः बुद्ध बहादुर कार्की<br>ससुराको नामः विर बहादुर कार्की<br>ठेगानाः दा.देवी-८, नवलपरासी<br>हालको ठेगानाः खजुरा गा.पा.-५, बाँके<br>ना.प्र.नं. : ३६३०५६/२१५२<br>जारी मिति : २०६३/१०/२६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी<br> |
| **सुरक्षणमा रहेको धितोको बिबरण** | |
| श्री मालपोत कार्यालय बाँकेमा विमला कार्कीको नाममा दर्ता कायम रहेको बाँके जिल्ला, उढरापुर-०४ स्थित कि.नं. २७ को क्षेत्रफल १६९.३१ व.मि. को जग्गा र घर तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत। | |

**शर्तहरु :**

१. बोलपत्र फाराम यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०२०-९३०७४०१०५०१०१ को "SDBL-Other non-operating Income" मा रु.५००।-(अक्षेरुपी पाँच सय मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नं. ०२०-९२०६५०१०७०५०१ को "SDBL-Auction Deposit (Lilami)" मा जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संग्लन गरी यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा/ क्षेत्रीय/ केन्द्रीय कार्यालयमा पेश गर्नुपर्नेछ।
४. बोलपत्र फाराममा कर्जा शीर्षक र ऋ.सं अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
५. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय खजुरा, बाँकेमा सम्पर्क राखी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई चल/अचल सम्पत्ति आफ्नो नाँउमा नामसारी गरिलिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
७. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुन टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
८. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा यस डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
१०. बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।
११. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
१२. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

# सानिमा बैंकको मुद्दती निक्षेप कर्जा आवेदन अनलाइनबाटै

**काठमाडौं/रास–** सानिमा बैंकले आफ्ना ग्राहकका लागि मुद्दती निक्षेप कर्जाको आवेदन अनलाइनमार्फत दिन सकिने व्यवस्था गरेको छ। उक्त सेवा प्रयोग गर्न ग्राहकले बैंकको आधिकारिक वेबसाइटमा एप्लाइमा क्लिक गरी आवश्यक विवरण भरे पश्चात् मुद्दती निक्षेप कर्जाका लागि आवेदन दिन सक्ने बताइएको छ। अनलाइनबाट आवेदन दिएको मुद्दती निक्षेप कर्जा, मुद्दती रकमको बढीमा ९५ प्रतिशत वा अधिकतम ५ लाखमध्ये जुन कम हुन्छ।

सूर्य नेपाल प्रा. लि.

## मूल्य सूची

**यस कम्पनीबाट उत्पादित निम्न ब्राण्डका चुरोटहरु मिति २०७९ मंसिर १३ गते (नोभेम्बर २९, २०२२) देखि लागू हुने गरी निम्नलिखित दर/रेटमा बिक्री वितरण हुने समस्त ग्राहक तथा उपभोक्ता वर्गमा जानकारी गराउँदछौं।**

| मूल्य प्रति १००० खिल्ली चुरोट (रु.) | | |
|---|---|---|
| खुद मूल्य | बिजुली | चौतारी |
| थोक विक्रेता मूल्य | २,६६५१९० | २,६६५१७८ |
| दोस्रो थोक विक्रेता मूल्य (मू.अ.क. दर्तावालालाई मात्र) | २,७१९१८ | २,७१९१८ |
| खुद्रा विक्रेता मूल्य | २,७६११९५ | २,७६११९५ |
| उपभोक्ता मूल्यः प्रति २० खिल्ली बट्टा | ५८१५० | ५८१५० |

उपरोक्त मूल्यमा सम्पूर्ण करहरु समावेश गरिएको छ।
दशमलवपछिका अन्तिम अंकलाई निकटतम पैसामा देखाइएको छ।

**वैधानिक प्रावधानः धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ।**

## सानिमा बैंक लिमिटेड, शाखा कार्यालय कुमारीपाटीका तपसिलमा उल्लेखित ऋणी र व्यक्तिगत जमानतकर्ताहरुलाई धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सार्वजनिक सूचना।

तपसिलमा उल्लेखित ऋणीले यस बैंकसँग गरेको सम्झौता बमोजिम यस बैंकबाट लिएको कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको र बैंकबाट पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेकाले **मिति २०७९ भदौ २७ गतेको "राजधानी"** राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण कर्जा रकम चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानुहुने ईच्छुक महानुभावहरूले तल उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौं वा शाखा कार्यालय कुमारीपाटीमा पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, तपसिल बमोजिमको धितो सुरक्षणमा रहेको सम्पत्ती लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तीको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ। धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहिं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै धितो बन्धकीमा रहेको सुरक्षण सम्पत्ती बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानीकर्ताको घर घरानाको अन्य चल अचल श्रीसम्पत्तीबाट लेना रकम असुल/उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ती लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

**१. ऋणीहरूको नाम, थर र ठेगाना :**

केदारनाथ बर्तौलाको छोरी यज्ञ निधी चमरेलको श्रीमती मकवानपुर जिल्ला नामटार गा.वि.स./उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २६, वस्ने **राधा कुमारी बर्तौला-१** तथा लक्ष्मीकान्त चमरेलको नाति यज्ञनिधि चमरेलको छोरा मकवानपुर जिल्ला हेटौडा गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २६ वस्ने **रोशन चौलागाई-१ समेत जना २**




**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**

उमापति चमरेलको नाति लक्ष्मीकान्त चमरेलको छोरा, मकवानपुर जिल्ला आमभञ्ज्याङ्ग गा.वि.स./उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २६ वस्ने **यज्ञ निधि चमरेल।**



**२. ऋणीहरूको नाम, थर र ठेगाना :**

केदारनाथ बर्तौलाको छोरी यज्ञ निधी चमरेलको श्रीमती मकवानपुर जिल्ला नामटार गा.वि.स./उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २६ वस्ने **राधा कुमारी बर्तौला।**

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. उमापति चमरेलको नाति लक्ष्मीकान्त चमरेलको छोरा मकवानपुर जिल्ला आमभञ्ज्याङ्ग गा.वि.स./उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २६ वस्ने **यज्ञ निधि चमरेल।**

२. लक्ष्मीकान्त चमरेलको नाति यज्ञनिधि चमरेलको छोरा मकवानपुर जिल्ला हेटौडा गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २६ वस्ने **रोशन चौलागाई।**

**ऋणी १ र २ को लागी धितो सुरक्षणको विवरण**

१. ऋणी राधा कुमारी बर्तौलाको नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा दर्ता श्रेस्ता कायम रहेका ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं ५, को किता नं १२१६ क्षेत्रफल ०-१०-३-० (रो.आ.पै.दा) को जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरूः**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौं वा शाखा कार्यालय कुमारीपाटीबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००० मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौंमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय कुमारीपाटीमा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. नामसारी गर्दा सम्बन्धित मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०७९ साल पौष महिना ०४** गते कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थानः**
**मिति : २०७९ साल पौष महिना ०६ गते।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ।**
**समय : दिनको २.३० बजे।**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

# घानाको रोमाञ्चक जित

एजेन्सी
दोहा

अफ्रिकी राष्ट्र घानाले फिफा विश्वकप कतार २०२२ अन्तर्गत समूह 'एच'को खेलमा एसियाली प्रतिद्वन्द्वी दक्षिण कोरियामाथि रोमाञ्चक जित निकालेको छ। एजुकेसन सिटी रंगशालामा घानाले ३-२ को रोमाञ्चक जित निकालेको हो।

सोमबार भएको खेलको २४औं मिनेटमा मोहमद सालिसुले गोल गर्दै घानालाई सुरुवाती अग्रता दिलाए। उनले ६ यार्ड बक्सभित्र क्लियर हुन नसकेको फ्रिकिकलाई गोलमा परिणत गरे। लगत्तै अर्कोतर्फ सनको प्रहारले घानाको डिफेन्स लाइन नै पार गर्न सकेन। ३४औं मिनेटमा घानाले अग्रता दोब्बर पार्‍यो। जोर्डन आयुको लामो पासमा मोहमद कुडुसले गोल गरे।

फार पोस्टमा हेडरमार्फत गोल गर्दै उनले घानालाई २-० ले अघि बढाए। ५३औं मिनेटमा चो ग्युसुङको हेडरमा घानाका गोलरक्षक लरेन्स एटी जिगीले उत्कृष्ट बचाउ गरे। तर, ग्युसुङले तीन मिनेटको अन्तरमा दुई हेडर गोल गर्दै कोरियालाई बराबरीमा ल्याए। ५८औं मिनेटमा कांग इन लीको क्रसमा उनले डाइभ गर्दै हेडरमार्फत गोल गरे। तीन मिनेटपछि नै ग्युसुङले कोरियालाई बराबरीमा ल्याए। जिन सु किमको क्रसमा उनले घानाका तीन डिफेन्डरको पछाडिबाट उत्कृष्ट जम्प हेडरमार्फत बराबरी गोल फर्काए।

६८औं मिनेटमा कुडुसले व्यक्तिगत दोस्रो गोल गर्दै घानालाई पुनः अग्रता दिलाए। गिडेओन मेन्साहले बायाँ विंगबाट दिएको क्रसमा इनाकी विलियम्स ६



यार्ड बक्सनजिक प्रहार गर्नबाट चुके। तर, फार पोस्टमा अनमार्क रहेका कुडुसले बल नियन्त्रणमा लिँदै सुन्दर फिनिस गरे। ७५औं मिनेटमा गोलरक्षक जिगीले कांग इन लीको फ्रिकिकमा उत्कृष्ट बचाउ गर्दै घानाको अग्रता कायम राखे। लीले भन्डै २५ यार्ड टाढाबाट प्रहार गरेको फ्रिकिकलाई उनले बायाँतर्फ डाइभ दिँदै विफल पारेका थिए। इन्ज्युरी समयको दोस्रो मिनेटमा जिगीले पुनः एकपटक ग्युसुङको शक्तिशाली प्रहारलाई विफल पार्दै अग्रता जोगाए। यस जितसँगै घाना ३ अंक जोड्न सफल भएको छ। दक्षिण कोरियाको १ अंक छ।

# सुदूरपश्चिम लगातार चौथोपटक विजयी

राजधानी समाचारदाता
काठमाडौं

हेमन्त धामीको सानदार बलिङमा सुदूरपश्चिम प्रदेशले वाईवाई यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता प्रदेश १ लाई २ सय १३ रनको फराकिलो जित हात पारेको छ। लगातार चौथो जितसँगै सुदूरपश्चिम फाइनल नजिक पुगेको छ।

२ सय ६५ रनको विजयी लक्ष्य पछ्याएको प्रदेश एक १६.३ ओभरमा ५१ रनमा अल आउट भयो। प्रदेश एकका भुपाल दंगालले १० रन बनाए। प्रदेश १ का १० खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। हेमन्त धामीले शीर्षक्रमका पाँच ब्याटर आउट गरेपछि सुदूरले सानदार जित हात पारेको हो। सुदूरका हेमन्तले पहिलो ओभरको अन्तिम बलमा आइस्टान रिजाललाई शून्यमा बोल्ड गरे। तेस्रो ओभरको चौथो बलमा हेमन्तले सोनु अन्सारीलाई तीन रनमा बोल्ड गरे। लगत्तै फैजल रहमान शून्यमा बोल्ड भए। हेमन्त त्यतिमा रोकिएनन्। सुभन गहतराज ९ रनमा क्याच भए। प्रदेश १ एक समय १६-४ को दयनीय अवस्थामा पुगेको थियो। हेमन्तले कप्तान दीपेश कंडेललाई सेकेन्ड स्लिपमा ५ रनमा क्याच गराउँदै पाँच विकेट पूरा गरे। सुदूरका हेमन्त धामीले ७ ओभरमा २२ रन खर्चेर ५ विकेट लिए। आकाश चन्दले ४ ओभरमा १ मेडनसहित ८ रन खर्चेर ३ विकेट लिए।

मिलन बोहराले १.३ ओभरमा १ रन खर्चेर २ विकेट लिए। त्यसअघि त्रिवि क्रिकेट मैदानमा सोमबार टस जितेर पहिला ब्याटिङ थालेको सुदूरले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २ सय ६४ रन बनायो। सुदूरका लागि कप्तान अनुराग सिंहले १ सय १२ बलमा ८ चौका र १ छक्कासहित सर्वाधिक ८३ रनको योगदान दिए। मिलन बोहराले ६४ रनमा आउट भए। तेस्रो विकेटका लागि मिलन र अनुरागसिंहले १ सय ३ रनको शतकीय साझेदारी गर्दै बलियो योगफलको आधार तय गरेका थिए।

# सर्विया र क्यामरुनको बराबरी

एजेन्सी
दोहा

गोलको वर्षा भएको खेलमा क्यामरुन र सर्बियाले ३-३ गोलको रोमाञ्चक बराबरी खेल्दै अंक बाँडेका छन्। अल जनौब रंगशालामा क्यामरुनले सुरुवाती अग्रता लिए पनि इन्ज्युरी समयको दुई मिनेट अन्तरमा सर्बियाले दुई गोल गर्दै पहिलो हाफमा २-१ को अग्रता लिन सफल भएको थियो। दोस्रो हाफको सुरुवातमै सर्बियाले अग्रता बढाउँदै जिततर्फ अग्रसर बनेको थियो। तर, डिफेन्समा गल्ती गर्दा सर्बियाले अग्रता जोगाउन सकेन।

खेलको २९औं मिनेटमा जान चाल्स कास्टेलेटोले गोल गर्दै क्यामरुनलाई १-० को अग्रता दिलाए। कर्नरमा आएको बल निअर पोस्टमा फ्लिक भएपछि फार पोस्टमा सहजै गोल गरे। इन्ज्युरी समयको पहिलो मिनेटमा सर्बियाले बराबरी गोल फर्कायो। कप्तान डुसान टाडिचको फ्रिकिकमा स्ट्राहिना पाभ्लोभिचले गोल गरे। बराबरी गोल फर्काएको दुई मिनेटमै सर्बियाले २-१ को अग्रता लिन सफल भयो।

यसपटक सर्गे मिलिन्कोभिच साभिचले गोल गर्दै युरोपेली टोलीलाई अघि बढाए। ५३औं मिनेटमा एलेक्जेन्डर मित्रोभिचले गोल गर्दै सर्बियालाई ३-१ ले अघि बढाए। वैकल्पिक फरवार्ड भिन्सेन्ट अबुबकारको उच्च प्रदर्शनमा क्यामरुनले दुई मिनेटको अन्तरमा दुई गोल गर्दै खेललाई ३-३ गोलको बराबरीमा ल्याए। ६३औं मिनेटमा अबुबकारले अफसाइड ट्र्याप बिट गर्दै उत्कृष्ट गोल गरे। डिफेन्डरलाई छक्याएपछि गोलरक्षक भान्जालाई चिप गर्दै उनले सुन्दर गोल गरे।

असिस्टेन्ट रेफ्रीले उक्त गोल अफसाइड दिए पनि भिडियो असिस्टेन्ट रेफ्रीले गोलको मान्यता दिएको थियो। त्यसको दुई मिनेटपछि अबुबकारले अफसाइड ट्र्याप बिट गर्दै अघि बढाएको बल पेनाल्टी क्षेत्रभित्र पुगेपछि एरिक म्याक्सिम चुपो मोटिङलाई दिए। डिफेन्डर र गोलरक्षक बिट गर्दै अबुबकारले दिएको पासमा चुपो मोटिङले गोल गर्दै टोलीलाई हारबाट जोगाए।


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले लघुवित्त उद्यमशिलता कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाहरूको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत / सामुहिक जमानतकर्ताहरूको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा व्यक्तिगत / सामुहिक जमानत दिनुहुने जमानतकर्ता महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

| क्र.स. | ऋणीको नाम र ठेगाना | व्यक्तिगत / सामुहिक जमानतकर्ताहरूको नाम र ठेगाना | |
|---|---|---|---|
| १ | **ऋणीको नाम: श्री रेनुका भुसाल**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>३५-०१-७२-०६५८४ (२०७२/०६/२७/चितवन)<br>बाबुको नाम: ढिल बहादुर परियार<br>ससुराको नाम: श्याम बहादुर दर्मी<br>पतिको नाम: विनोद भुसाल<br>ठेगाना: चितवन जिल्ला, वीरेन्द्रनगर गाविस वडा नं. १०। | **१. श्री टिका माया तमाङ**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>१८९०/०४४ (२०५३/०४/०२/चितवन)<br>बाबुको नाम: पदम बहादुर तमाङ<br>ससुराको नाम: चन्द्र बहादुर तमाङ<br>पतिको नाम: मंगल तमाङ<br>ठेगाना: चितवन जिल्ला, वीरेन्द्रनगर गाविस वडा नं. ६।<br><br>**३. श्री इन्द्रमाया तामाङ**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>१/७०३७८ (२०७०/०९/१७/धादिङ)<br>बाबुको नाम: शुक्र बहादुर गोले<br>ससुराको नाम: विष्णु तामाङ<br>पतिको नाम: किसोर तामाङ<br>ठेगाना: धादिङ जिल्ला, तसर्पु गाविस वडा नं. ७। | **२. श्री मिरा तमाङ**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>३६३००७/२२१०(२०६३/११/०२/नवलपरासी)<br>बाबुको नाम: राम बहादुर श्रेष्ठ<br>ससुराको नाम: खड्क बहादुर तमाङ<br>पतिको नाम: विर बहादुर तमाङ<br>ठेगाना: नवलपरासी जिल्ला, गैडाकोट गाविस वडा नं. ७।<br><br>**४. श्री विष्णु माया परियार**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>३५१०१० (२०६७/१२/०२/चितवन)<br>बाबुको नाम: राम शरण दर्मी<br>ससुराको नाम: राम बहादुर परियार<br>पतिको नाम: सिताराम परियार<br>ठेगाना: चितवन जिल्ला, वीरेन्द्रनगर गाविस वडा नं. ४। |
| २ | **ऋणीको नाम: चण्डीका कुमारी गुरूङ**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>४७९५ (२०६२/१२/१८/सिन्धुली)<br>बाबुको नाम: राम ब. गुरूङ<br>ससुराको नाम: भिम बहादुर गुरूङ<br>पतिको नाम: तारा ब. गुरूङ<br>ठेगाना: सिन्धुली जिल्ला, तिनकन्या गाविस वडा नं. ९। | **१. श्री कृष्ण कुमारी घिताल**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>४८ (२०४६/०३/११/चितवन)<br>बाबुको नाम: नर बहादुर गोतामे<br>ससुराको नाम: रण बहादुर घिताल<br>पतिको नाम: जिव बहादुर घिताल<br>ठेगाना: चितवन जिल्ला, भण्डारा गाविस वडा नं. १।<br><br>**३. श्री तारा भुजेल**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>२८-०१-०६४-०२५६१<br>(२०६४/१०/०७/ललितपुर)<br>बाबुको नाम: छबिलाल खतिवडा<br>ससुराको नाम: खड्ग बहादुर भुजेल<br>पतिको नाम: गोपाल बहादुर भुजेल<br>ठेगाना: ललितपुर जिल्ला, लामाटर गाविस वडा नं. १। | **२. श्री नेत्रकुमारी अधिकारी**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>१४५२७/०६१ (२०६१/१२/१८/चितवन)<br>बाबुको नाम: राम बहादुर गुरूङ<br>ससुराको नाम: भिम बहादुर अधिकारी<br>पतिको नाम: अम्मर बहादुर अधिकारी<br>ठेगाना: चितवन जिल्ला, पिप्ले गाविसवडा नं ९।<br><br>**४. श्री सिता विसुंखे**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>३/४०५१ (२०६०/०७/०६/धादिङ)<br>बाबुको नाम: ईन्द्र बहादुर सार्की<br>ससुराको नाम: आईतराम विसुंखे<br>पतिको नाम: पितम्बर विसुंखे<br>ठेगाना: धादिङ जिल्ला, वेनिघाट गाविस वडा नं ४। |
| ३ | **ऋणीको नाम: श्री कृष्ण कुमारी घिताल**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>४८ (२०४६/०३/११/चितवन)<br>बाबुको नाम: नर बहादुर गोतामे<br>ससुराको नाम: रण बहादुर घिताल<br>पतिको नाम: जिव बहादुर घिताल<br>ठेगाना: चितवन जिल्ला, भण्डारा गाविस वडा नं. १। | **१. चण्डीका कुमारी गुरूङ**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>४७९५ (२०६२/१२/१८/सिन्धुली)<br>बाबुको नाम: राम ब. गुरूङ<br>ससुराको नाम: भिम बहादुर गुरूङ<br>पतिको नाम: तारा ब. गुरूङ<br>ठेगाना: सिन्धुली जिल्ला, तिनकन्या गाविस वडा नं. ९।<br><br>**३. श्री तारा भुजेल**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>२८-०१-०६४-०२५६१<br>(२०६४/१०/०७/ललितपुर)<br>बाबुको नाम: छबिलाल खतिवडा<br>ससुराको नाम: खड्ग बहादुर भुजेल<br>पतिको नाम: गोपाल बहादुर भुजेल<br>ठेगाना: ललितपुर जिल्ला, लामाटर गाविस वडा नं. १। | **२. श्री नेत्रकुमारी अधिकारी**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>१४५२७/०६१ (२०६१/१२/१८/चितवन)<br>बाबुको नाम: राम बहादुर गुरूङ<br>ससुराको नाम: भिम बहादुर अधिकारी<br>पतिको नाम: अम्मर बहादुर अधिकारी<br>ठेगाना: चितवन जिल्ला, पिप्ले गाविस वडा नं. ९।<br><br>**४. श्री सिता विसुंखे**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>३/४०५१ (२०६०/०७/०६/धादिङ)<br>बाबुको नाम: ईन्द्र बहादुर सार्की<br>ससुराको नाम: आईतराम विसुंखे<br>पतिको नाम: पितम्बर विसुंखे<br>ठेगाना: धादिङ जिल्ला, वेनिघाट गाविस वडा नं ४। |
| ४ | **ऋणीको नाम: नेत्रकुमारी अधिकारी**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>१४५२७/०६१ (२०६१/१२/१८/चितवन)<br>बाबुको नाम: राम बहादुर गुरूङ<br>ससुराको नाम: भिम बहादुर अधिकारी<br>पतिको नाम: अम्मर बहादुर अधिकारी<br>ठेगाना: चितवन जिल्ला, पिप्ले गाविस वडा नं. ९। | **१. श्री चण्डीका कुमारी गुरूङ**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>४७९५ (२०६२/१२/१८/सिन्धुली)<br>बाबुको नाम: राम ब. गुरूङ<br>ससुराको नाम: भिम बहादुर गुरूङ<br>पतिको नाम: तारा ब. गुरूङ<br>ठेगाना: सिन्धुली जिल्ला, तिनकन्या गाविस वडा नं. ९।<br><br>**३. श्री तारा भुजेल**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>२८-०१-०६४-०२५६१<br>(२०६४/१०/०७/ललितपुर)<br>बाबुको नाम: छबिलाल खतिवडा<br>ससुराको नाम: खड्ग बहादुर भुजेल<br>पतिको नाम: गोपाल बहादुर भुजेल<br>ठेगाना: ललितपुर जिल्ला, लामाटर गाविस वडा नं. १। | **२. श्री कृष्ण कुमारी घिताल**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>४८ (२०४६/०३/११/चितवन)<br>बाबुको नाम: नार बहादुर गोतामे<br>ससुराको नाम: रण बहादुर घिताल<br>पतिको नाम: जिव बहादुर घिताल<br>ठेगाना:चितवन जिल्ला, भण्डारा गा.वि.स वडा नं १।<br><br>**४. श्री सिता विसुंखे**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>३/४०५१ (२०६०/०७/०६/धादिङ)<br>बाबुको नाम: ईन्द्र बहादुर सार्की<br>ससुराको नाम: आईतराम विसुंखे<br>पतिको नाम: पितम्बर विसुंखे<br>ठेगाना: धादिङ जिल्ला, वेनिघाट गाविस वडा नं ४। |
| ५ | **ऋणीको नाम: श्री उषा दर्जि**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>५११०५१/२१३ (२०६५/११/१८/पर्वत)<br>बाबुको नाम: सोमबहादुर दमाई<br>ससुराको नाम: मित्र ब. परियार<br>पतिको नाम: किसन परियार<br>ठेगाना: पर्वत जिल्ला, शंकरपोखरी गाविस वडा नं. ५। | **१. श्री शोभा प्रधान श्रेष्ठ**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>३५१००४/११३३ (२०६८/०१/०७/चितवन)<br>बाबुको नाम: प्रेम बहादुर प्रधान<br>पतिको नाम: विनोद श्रेष्ठ<br>ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ७।<br><br>**३. श्री मौसमी श्रेष्ठ**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>४३६०८ (२०६५/०८/२३/चितवन)<br>बाबुको नाम: कृष्ण श्रेष्ठ<br>पतिको नाम: बलराम प्रधान<br>ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ७। | **२. श्री छनिया महतो**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>३५३०४/१९० (२०६३/१०/०९/चितवन)<br>बाबुको नाम: मडरा महतो<br>पतिको नाम: बुधिमेन महतो<br>ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं ७। |
| ६ | **ऋणीको नाम: श्री संगिता मिजार**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>२५१०५५/४३४ (२०६७/१२/२३/नुवाकोट)<br>बाबुको नाम: काली ब. वि.क.<br>ससुराको नाम: पदम बहादुर मिजार<br>पतिको नाम: कुमार मिजार<br>ठेगाना: नुवाकोट जिल्ला, सूर्यमती गाविस वडा नं. ३। | **१. श्री मिना लामा**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>८३५२/०६२ (२०६२/११/०४/चितवन)<br>बाबुको नाम: लिला बहादुर भट्टराई<br>ससुराको नाम: हाजिरमान लामा<br>पतिको नाम: विनोद लामा (मोक्तान)<br>ठेगाना: चितवन जिल्ला, चैनपुर गाविस वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा वडा नं १।<br><br>**३. श्री हिरा माया खत्री**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>२०५७९ (२०५३/०१/१७/चितवन)<br>बाबुको नाम: मान बहादुर भण्डारी<br>ससुराको नाम: भिष्म ब.खत्री<br>पतिको नाम: ईश्वरी बहादुर खत्री<br>ठेगाना: लमजुङ जिल्ला, चिति गाविस वडा नं. ७। | **२. श्री रीता थापा मगर**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>७५८७/०५९ (२०५९/०८/१८/चितवन)<br>बाबुको नाम: रीत बहादुर मगर<br>ससुराको नाम:तोप ब. थापा<br>पतिको नाम: लोक बहादुर थापा<br>ठेगाना: चितवन जिल्ला, चैनपुर गाविस वडा नं २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा वडा नं १।<br><br>**४. श्री खेम माया बाइघरे**<br>नाप्र.प.न (जारी मिति/स्थान):<br>२०२४/५२६ (२०६६/०८/१५/नवलपरासी)<br>बाबुको नाम: धन बहादुर बाइघरे<br>ससुराको नाम: कृष्ण ब.जगी मगर<br>पतिको नाम: डौंक ब.जगी मगर<br>ठेगाना: नवलपरासी जिल्ला, देउराली गाविस वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी गाविस वडा नं १। |

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं ९७७-०१-५००८७०८/०९,
Ext. १०७, १०४



## Changunarayan Municipality
### Office of Municipal Executive
Kharipati, Bhaktapur

## Invitation for Bids (IFB)

Date of publication: 2079/8/13

1. Changunarayan Municipality Kharipati, Bhaktapur invites following electronic bid from eligible national bidder under National competitive bidding (NCB) under single stage single envelope procedure.
2. The Details of the project are as following:

| Contract No | Description of work | Estimate Amount (without VAT& P.S) | Bid Security Amount (NRS) | Bid Document fee (NRS) | Bid Validity period (days) | Bid submission date, time and place, Bid opening date, time and place |
|---|---|---|---|---|---|---|
| CM/5/079/080-1 | Giritol pahiro niyentra Changunarayan 9 | 16,83,266.27 | 47,000.0 | 10000. | 45days / 75 days from last date of bid submission | Before 12.00 hour on 2079/8/29, 13.00 hour on 2079/8/29 at the office of Changunarayan Municipality, Kharipati. |
| CM/5/079/080-2 | Gadgade bakhri gaun jani bato gravel Changunarayan 6 | 14,54,368.11 | 41,000.0 | 1000.0 | 45days / 75 days from last date of bid submission | Before 12.00 hour on 2079/8/29, 13.00 hour on 2079/8/29 at the office of Changunarayan Municipality, Kharipati. |
| CM/5/079/080-3 | Purano gate hundai karuna school saullibazar bato Nirman Changunarayan 6 Rc | 16,74,380.66 | 49,000.0 | 1000 .0 | 45days / 75 days from last date of bid submission | Before 12.00 hour on 2079/8/29, 13.00 hour on 2079/8/29 at the office of Changunarayan Municipality, Kharipati. |
| CM/5/079/080-4 | Giri tol khanepani bebasthapan Changunarayan 7 | 21,02,401.65 | 59,000.0 | 3000.0 | 90days / 120 days from last date of bid submission | Before 12.00 hour on 2079/9/14, 13.00 hour on 2079/9/14 at the office of Changunarayan Municipality, Kharipati. |
| CM/5/079/080-5 | Nayahealthpost hundai giritol adhikaritol hundai ward karyalaya jane sadak changunarayan 7 RE | 21,35,644.08 | 62,000.00 | 3000.0 | 90days / 120 days from last date of bid submission | Before 12.00 hour on 2079/9/14, 13.00 hour on 2079/9/14 at the office of Changunarayan Municipality, Kharipati. |
| CM/5/079/080-6 | Dobato tole salmutar sadak upgrading changunarayan 4 | 43,12,126.34 | 1,20,000.0 | 3000.0 | 90days / 120 days from last date of bid submission | Before 12.00 hour on 2079/9/14, 13.00 hour on 2079/9/14 at the office of Changunarayan Municipality, Kharipati. |
| CM/5/079/080-7 | Khadka Dill Khanepani yojana Changunarayan 1 | 1,68,86,627.3 | 4,80,000.0 | 3000.0 | 90days / 120 days from last date of bid submission | Before 12.00 hour on 2079/9/14, 13.00 hour on 2079/9/14 at the office of Changunarayan Municipality, Kharipati. **(Remarks - The Bidder should have successfully completed one Overhead Tank of 300 cum capacity)** |
| CM/5/079/080-8 | Thali Tasi tol dhada gau sadak Changunarayan 3 | 42,97,844.03 | 1,20,000.0 | 3000.0 | 90days / 120 days from last date of bid submission | Before 12.00 hour on 2079/9/14, 13.00 hour on 2079/9/14 at the office of Changunarayan Municipality, Kharipati. |

3. Eligible bidder may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.
4. The employer reserves the right to accept or reject, wholly or partly any or an the bids without assigning reasons, whatsoever

**Chief Administrative Officer**


स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : नन्दा शेरचन, सम्पादक : सागर पण्डित